www.Shangrilabank.com

# १६ औं
# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७६/०७७















# सञ्चालक समिति



**अच्युत प्रसाद प्रसाई**
अध्यक्ष
(संस्थापक समूह)



**सुशिल काजी बानियां**
सञ्चालक (संस्थापक समूह)



**नरेश मान तुलाधर**
सञ्चालक (संस्थापक समूह)



**लिसा शेरचन**
सञ्चालक (सर्वसाधारण समूह)



**गंगा सागर ढकाल**
सञ्चालक (सर्वसाधारण समूह)



**राजुनाथ खनाल**
स्वतन्त्र सञ्चालक

# उच्च व्यवस्थापन



**सुयोग श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत



**अपूर्व प्रसाद जोशी**
नायव महाप्रवन्धक



**रजित मास्के**
सहायक महाप्रवन्धक

# कम्पनी सचिव



**सुजन वावु अधिकारी**

**लेखा परिक्षक**
**श्याम कार्की**
श्याम कार्की एण्ड कम्पनी
चार्टड एकाउण्टेन्ट्स

# विषय सूची


| क्र.सं. | विषयहरू | पृष्ठ |
|---|---|---|
| १. | वार्षिक साधारण सभा सम्बन्धी सूचना | ग |
| २. | सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी | ङ |
| ३. | प्रोक्सी फाराम र प्रवेश पत्र | छ |
| ४. | विकास बैंक सम्बन्धी जानकारी | १ |
| ५. | अध्यक्षज्यूद्वारा प्रस्तुत संचालक समितिको वार्षिक प्रतिवेदन | २ |
| ६. | कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ अनुसारको अतिरिक्त विवरण | १७ |
| ७. | धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित विवरण | २२ |
| ८. | विगत ५ आर्थिक वर्षको विभिन्न सूचाङ्कहरू | २४ |
| ९. | लेखापरीक्षणको प्रतिवेदन | २६ |
| १०. | वित्तीय अवस्थाको विवरण | ३० |
| ११. | नाफा वा नोक्सानको विवरण | ३२ |
| १२. | अन्य विस्तृत आम्दानीको विवरण | ३३ |
| १३. | नगद प्रवाहको विवरण | ३४ |
| १४ | इक्विटीमा भएको परिवर्तनको विवरण | ३५ |
| १५. | आधारभूत लेखा नीतिहरू | ४० |
| १६. | अपरिष्कृत र परिष्कृत वित्तयि विवरणको तुलना | ११६ |
| १७. | विगत पाँच वर्षदेखिको प्रमुख वित्तीय परिसुचकहरू | १२१ |
| १८. | वासेल - २ अन्तर्गतको अतिरिक्त डिस्क्लोजर | १२२ |
| १९. | नेपाल राष्ट्र बैंकबाट दिइएका निर्देशनहरू | १२७ |
| २०. | नेपाल राष्ट्र बैंकबाट दिइएका निर्देशन उपर संचालक समितिको जवाफ | १२८ |
| २१. | नियमावलीमा प्रस्तावित संशोधन (तीन महले) विवरण | १२९ |
| २२. | शाखा कार्यालय सम्बन्धी विवरण | १३३ |

# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको सोह्रौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०७७/१२/०१ गते (तद्नुसार १४ मार्च २०२१) आईतबारका दिन बसेको २६१औं बैठकको निर्णय अनुसार यस डेभलपमेन्ट बैंकको सोह्रौं वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति** : २०७७ साल चैत्र २३ गते (तद्नुसार ५ अप्रिल २०२१), सोमवार
**स्थान** : लैनचौर ब्याङ्क्वेट, लैनचौर, काठमाडौं ।
**सभा सुरू हुने समय** : बिहान १०:०० बजे ।

## छलफलको विषयसूची :

**क) साधारण प्रस्ताव :**

(१) अध्यक्षज्यूको मन्तब्य सहित आर्थिक वर्ष २०७६/०७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०७७ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०७६/०७७ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने बारे ।

(३) आर्थिक वर्ष २०७७/०७८ को लागि डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हाल वहालवाला लेखापरिक्षक श्याम कार्की एण्ड कम्पनी, चाटर्ड एकाउन्टेन्टस् कम्पनी ऐन, २०६३ को दफा १११(३) तथा बैंक तथा वित्तीय संस्था संवन्धि ऐन, २०७३ को दफा ६३(३) बमोजिम पुनः नियुक्ति हुन सक्नु हुने छैन ।)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी २,६०,६६,४०,४००/- को ५ प्रतिशत बोनस शेयर वितरण गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित हुँदा सो बोनस शेयर तथा कर प्रयोजनका लागि प्रस्तावित नगद लाभांश समेत गरी कुल लाभांशमा लाग्ने कर भुक्तानी प्रयोजनका लागि डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको ०.२६३२ प्रतिशतले हुन आउने रकम रू. ६८,५९,५८० (अक्षेरूपी अठ्सठ्ठी लाख उनान्साठी हजार पाँच सय असी मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५) बाँकी अवधिको लागि गरिएको संचालकको नियुक्तिको अनुमोदन सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी २,६०,६६,४०,४००/- (अक्षेरूपी दुई अर्व साठी करोड छैसठ्ठी लाख चालीस हजार चार सय मात्र) को ५ प्रतिशत अर्थात रकम रू. १३,०३,३२,०२०/- (अक्षेरूपी तेह्र करोड तिन लाख बत्तीस हजार बीस मात्र) को बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने । साथै, बोनश शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share)_अंकलाई पछि समयोजन गर्ने गरी यथावत् राख्ने ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रू २,६०,६६,४०,४००/- (अक्षेरूपी दुई अर्व साठी करोड छैसट्ठी लाख चालीस हजार चार सय मात्र) रहेकोमा वोनश शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रू २,७३,६९,७२,४२०/- (अक्षेरूपी दुई अर्व त्रिहत्तर करोड उनान्सत्तरी लाख वहत्तर हजार चारसय वीस मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३) यस सांग्रिला डेभलपमेन्ट बैंकको संचालक समितिको बैठक, साधारण सभा लगायतका बैठक तथा सभाहरू विद्युतीय माध्यमबाट समेत गर्न सक्ने गरी डेभलपमेन्ट बैंकको नियमावली मा आवश्यक संशोधन, परिमार्जन तथा थप व्यवस्थाहरू कायम गर्ने ।

४) विशेष प्रस्ताव नं. (१), (२) र (३) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्वन्धि प्रस्ताव पारित गर्ने ।

५) यस सांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरू) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरू) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरू) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरूसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

६) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

**(ग) विविध :**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## सोह्रौ वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१. सोह्रौं वार्षिक साधारण सभा, सो सभामा पेश हुने ५.२६३२ प्रतिशत लाभांश प्रयोजनका लागि डेभलपमेन्ट बैंकको शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०७७/१२/१० गते देखि मिति २०७७/१२/२३गतेसम्म बन्द रहने छ । शेयर दाखिल खारेज बन्द शुरू हुने मिति भन्दा अघिल्लो दिन अर्थात मिति २०७७/१२/०९गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई नियमानुसार कायम शेयरधनीहरूलाई साधारण सभामा भाग लिन तथा ५.२६३२ प्रतिशत लाभांश प्राप्त गर्नका लागि योग्य हुनेछन् ।

२. शेयरधनी महानुभावहरूलाई शेयरधनी लगतमा कायम रहेको ठेगानामा सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन सहितको आर्थिक वर्ष ०७६/०७७ को वार्षिक प्रतिवेदन पुस्तिका पठाइनेछ । कुनै कारणवश शेयरधनीले समयमा वार्षिक प्रतिवेदन पुस्तिका प्राप्त गर्न नसकेमा यस डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय बालुवाटार, काठमाडौं वा शेयर रजिष्ट्रार एनआइविएल एस क्यापिटल लिमिटेडबाट प्राप्त गर्न सक्नुहुनेछ । उक्त प्रतिवेदन डेभलपमेन्ट बैंकको वेवसाइट www.shangrilabank.com मा हेर्न र डाउनलोड गर्न समेत सकिनेछ ।

३. सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनीहरूले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) अनिवार्य रूपमा साथमा लिई आउनुहुन अनुरोध छ । साथै डेभलपमेन्ट बैंकको सोह्रौ वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरूले जुम मिटिङ (Zoom Meeting) प्रविधि मार्फत समेत अवलोकन गर्न सकिने व्यवस्था मिलाईएको छ । यसको लागि डेभलपमेन्ट बैंकले शेयरधनी महानुभावहरूलाई शेयर रजिष्ट्रार मार्फत प्राप्त हुने अभिलेखमा उल्लेखित मोबाइल नम्बरमा मिटिङ आईडी र पासकोड सम्बन्धी जानकारी उपलब्ध गराइनेछ ।हाल विश्वभर फैलिरहेको कोभिड १९ को महामारीलाई मध्यनजर गर्दै यथासक्य जुम मिटिङ (Zoom Meeting) प्रविधि मार्फत सहभागिता जनाउन प्रोत्साहन गरिनेछ । यसरी भएको उपस्थितीलाई सभा हलमा उपस्थित भए सरह मान्यता प्रदान गरिनेछ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रोक्सी फारम भरी सभा सुरू हुने भनी तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कारोवार समय भित्र डेभलमपेन्ट बैंकको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी नियुक्त गरिएको प्रतिनिधि डेभलमपेन्ट बैंकको शेयरधनी हुनुपर्नेछ । त्यसरी प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकरर गरी सभा शुरू हुने भनी तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालयमा कारोवार समय भित्र दर्ता गरेमा वा आफु स्वयं साधारण सभामा उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरिदिएको अघिल्लो प्रोक्सी स्वतः बदर हुनेछ । कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने निज स्वयंले अन्य बदर गरी एउटा कायम गरेको अवस्थामा बाहेक त्यस्ता सबै प्रतिनिधि पत्रहरू स्वतः बदर हुनेछ । प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्तिलाई नियुक्त गर्नुपर्छ । कुनै किसिमबाट छुट्याई दिएमा उक्त प्रोक्सी बदर गरिनेछ । यस सम्बन्धमा साधारण सभामा विवाद गर्न पाईने छैन ।

५. संयुक्त रूपमा शेयर ग्रहण गर्ने शेयरधनीहरूको हकमा साझेदारहरूद्वारा नियुक्त साझेदारले वा निजले नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम नियुक्त हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा नाम क्रमानुसार अघि लेखिएको साझेदारले मात्र सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न पाउनेछ ।

६. नाबालक वा मानसिक सन्तुलन ठिक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको रूपमा दर्ता भएको संरक्षकले वा संरक्षकले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन तथा मतदान गर्न पाउनेछन् ।

७. संगठित संस्था वा कम्पनी शेयरधनी भएकोमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

८. विविध शीर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनीले छलफल गर्न चाहेको विषय सभा हुनु भन्दा ७ दिन अगावै डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय बालुवाटार, काठमाडौंमा लिखित रूपमा जानकारी गराउनुपर्नेछ । यसरी लिखित रूपमा पूर्व जानकारी नगराएको विषयमा सभामा छलफल तथा निर्णय गरिने छैन ।

९. शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा हुने दिन विहान ८.३० बजेदेखि नै खुल्ला गरिनेछ । साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

१०. साधारण सभाको काम कारवाहीहरू कम्पनी ऐन २०६३, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा डेभलपमेन्ट बैंकको प्रबन्धपत्र, नियमावली बमोजिम हुनेछन् ।

११. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूलाई यथासक्य झोला/ब्याग नल्याउनुहुन अनुरोध गरिन्छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले शेयरधनी महानुभावहरू लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला/ब्याग र शरीर जाँच गर्न सक्नेछन् ।

१२. ाधारण सभा सम्बन्धी थप जानकारी डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय बालुवाटार काठमाडौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

# प्रोक्सी फाराम

श्री सञ्चालक समिति
सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड,
बालुवाटार, काठमाडौं ।

**विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।**

**महाशय,**

..........................जिल्ला........................................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा., वडा नं. ..........बस्ने म/हामी........................................................................................................................................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७७/१२/२३ गते सोमबारका दिनु हुने सोह्रौं वार्षिक साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि..............................जिल्ला..........................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा., वडा नं............ बस्ने श्री.......................................................................लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं

प्रतिनिधि नियुक्त भएको ब्यक्तिको

शेयरधनी नं
हितग्राही नं. [ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ]
हस्ताक्षरको नमूना

निवेदक
दस्तखत : ..........................................
नामः..................................................................
ठेगानाः..............................................................
शेयरधनी नं. :......................................................
हितग्राही न. [ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ]
शेयर संख्या :......................................................

(द्रष्टब्य : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।)

- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार

# प्रवेश-पत्र

शेयरधनीको नाम :..........................................................

शेयरधनी नं. :......................................................
हितग्राही न. [ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ]
शेयर संख्या :......................................................

यस विकास बैंकको सोह्रौ वार्षिक साधारण सभा निम्न मिति, स्थान र सयममा बस्ने भएकोले उक्त सभामा उपस्थित हुन यो प्रवेश-पत्र जारी गरीएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**
मिति : २०७७ साल चैत्र २३ गते (तदनुसार ५ अप्रिल २०२१), सोमबार ।
समय : बिहान १०:०० बजे ।
स्थान : लैनचौर ब्याङ्क्वेट, लैनचौर, काठमाडौं ।

..............................
**सुजनबाबु अधिकारी**
(कम्पनी सचिव)

(द्रष्टब्य : यो प्रवेश-पत्र समभाकक्षमा प्रदवेश गर्दा र साधारण सभा सम्पन्न नहुन्जेल अनिवार्य रुपमा साथ राख्नु होला ।)

# विकास बैंक सम्बन्धी जानकारी

| | |
|---|---|
| विकास बैंकको नाम : | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड |
| कम्पनीको प्रकार : | पब्लिक लिमिटेड कम्पनी |
| रजिष्टर्ड कार्यालय : | बालुवाटार, काठमाडौं |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति,दर्ता नं : | ८७१/०६०/६१, २०६०/१०/१४ |
| नेपाल राष्ट्र बैंक बाट कारोबार स्वीकृति प्राप्त मिति : | २०६०/१०/२३ |
| बित्तीय कारोबार शुरू भएको मिति : | २०६१/०७/१३ |
| कार्य क्षेत्र : | राष्ट्रियस्तर |
| स्थायी लेखा नम्बर : | ३०१६५५२४८ |
| **पूँजी संरचना :**<br>अधिकृत पूँजी : | रू. ३,०००,०००,०००/– |
| जारी पूँजी : | रू. २,६०६,६४०,४००/– |
| चुक्ता पूँजी : | रू. २,६०६,६४०,४००/– |
| **शेयर संरचना :**<br>संस्थापक : | ५१ प्रतिशत |
| सर्बसाधारण : | ४९ प्रतिशत |
| शेयर धनीको संख्या : | ५१६ संस्थापक, १३,९५८ सर्वसाधारण |
| समीक्षा आ.ब.आषाढ मसान्तसम्म संचालनमा रहेका शाखा संख्या :<br>प्रतिबेदन तयार पार्दाको मितिसम्म संचालनमा रहेका शाखा संख्या : | ९१<br>९५ |
| कुल कर्मचारी संख्य : | ६७४ (३२४ महिला) |
| शेयर सुचिकरण मिति : | २०६७/१०/११ |
| नेटवर्थ (प्रस्तावित लाभांश सहित) : | रू. ३,३०६,०३६,३२८/– |
| नेटवर्थ प्रति शेयर (प्रस्तावित बोनस शेयर सहित) : | रू. १२६.८३ |
| कुल निक्षेप : | रू. २९,२५३,४२७,४४३/- |
| कुल कर्जा तथा सापटी : | रू. २३,८६५,४९३,४३७/- |
| खुद नाफा : | रू.१९१,०९७,८१४/- |
| प्रति शेयर आम्दानी (बोनस शेयर समावेश गर्नु अघि) : | रू. ७.३३ |
| पुँजीकोष प्रर्याप्तता : | १२.९३ प्रतिशत |
| कर्जा र पुँजी तथा निक्षेप अनुपात (CCD Ratio) : | ७२.९६ प्रतिशत |
| कर्जा तथा निक्षेप अनुपात (CD Ratio) : | ८१.७९ प्रतिशत |
| निष्कृय कर्जा अनुपात : | १.१३ प्रतिशत |
| तरलता अनुपात : | २७.३० प्रतिशत |
| ब्याजदर अन्तर : | ४.५७ प्रतिशत |
| बचतकर्ता संख्या : | ३१०,२९५ |
| ऋणी संख्या : | १५,८०९ |
| लेखा परीक्षक : | श्याम कार्की एण्ड कम्पनी, चाटर्ड एकाउन्टेन्ट्स |

# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको
## सोह्रौं बार्षिक साधारण सभाका लागि सञ्चालक समितिको तर्फबाट
## अध्यक्षज्यूको प्रतिबेदन
## आ.ब.२०७६/०७७

आदरणीय शेयरधनी महानुभावहरू,

यस सांग्रिला डेभपमेन्ट बैंक लिमिटेडको आजको यस सोह्रौं बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण श्रद्धेय शेयरधनी महानुभावहरू, सञ्चालक समितिका सदस्यज्यूहरु, हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी नियमनकारी निकायबाट पाल्नु भएका अतिथिज्युहरू, आन्तरिक तथा बाह्रय लेखापरीक्षक, कानुनी सल्लाहकार, बैंकका प्रमुख कार्यकारी अधिकृत तथा कार्यरत कर्मचारीहरू एवं उपस्थित सम्पूर्ण भद्र महिला तथा सज्जन वृन्दहरू प्रति आजको यस सोह्रौं साधारण सभाको शुभ अवसरमा मेरो व्यक्तिगत तथा संचालक समितिका तर्फवाट हार्दिक स्वागत एवं अभिवादन ब्यक्त गर्दछु ।

आ.ब. २०७६/०७७ मा यस विकास बैंकले हासिल गरेको प्रगति एवं उपलब्धिहरू समावेश गरीएको २०७७ आषाढ मसान्त सम्मको वित्तीय अवस्थाको विवरण, नाफा वा नोक्सान विवरण, विस्तृत आयको विवरण, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तनको विवरण तथा सोसँग सम्बन्धीत अनुसूचीहरू सहितको सञ्चालक समितिबाट पारित तथा नेपाल राष्ट्र बैंकबाट स्विकृत वित्तीय विवरण यहाँहरू समक्ष स्विकृतीका लागि पेश गरेको छु ।

यस साधारण सभाले विकास बैंकले गत आर्थिक वर्षमा गरेको उपलब्धिहरू तथा चालु आर्थिक वर्षमा र भविष्यमा चाल्नु पर्ने कदम तथा अपनाउनु पर्ने नीति नियम र कार्ययोजना सम्बन्धमा सल्लाह सुझाव एवं मार्ग निर्देशन गर्नेछ भन्ने विश्वासका साथ यहाँहरू सम्पूर्णलाई ह्रदय देखी हार्दिक स्वागत गर्दै यस सोह्रौं वार्षिक साधारण सभाको प्रतिवेदन छलफल तथा स्विकृतीको लागी यहाँहरू समक्ष पेश गर्ने अनुमती चाहन्छु ।

**(१) आ.व. ०७६/०७७ को बिकास बैंकको कारोवार समिक्षा :-**

**क) वित्तीय स्थिती :**

आ.ब.२०७५/०७६ देखि Nepal Financial Reporting Standard (NFRS) लागु भएकोले समिक्षा बर्ष तथा अघिल्लो आर्थिक बर्षको वित्तीय विवरण र परिसुचकहरू समेत सोही मापदण्ड बमोजिम तयार गरीएको छ । विकास बैंकको आ.ब.२०७६/०७७ तथा २०७५/०७६ को तुलनात्मक वित्तीय स्थिती निम्न अनुसार छ ।

रू. हजारमा

| विवरण | चालु आ.ब.०७६/०७७ | चालु आ.ब.०७५/०७६ | वृद्धि/कमी | |
|---|---|---|---|---|
| | | | रकममा | प्रतिशत |
| चुक्ता पूँजी (प्रस्तावित बोनस शेयर सहित) | २,७३६,९७२ | २,६०६,६४० | १३०,३३२ | ५.००% |
| जगेडा तथा कोषहरू | ५४५,९०३ | ४९४,९७९ | ५०,९२३ | १०.२९% |
| कुल सम्पत्ति | ३२,८९८,३३४ | २६,२८३,६५२ | ६,६१४,६८२ | २५.१७% |
| कुल निक्षेप | २९,२५३,४२७ | २२,५७०,५२५ | ६,६८२,९०२ | २९.६१% |
| कुल कर्जा तथा सापट | २३,८६५,४९३ | १९,४३६,५२६ | ४,४२८,९६७ | २२.७९% |
| लगानी | ३,१७८,७१५ | १,५८२,५७१ | १,५९६,१४४ | १००.८६% |
| ब्याज आम्दानी | ३,१३५,०५१ | २,५८५,८४८ | ५४९,२०३ | २१.२४% |
| ब्याज खर्च | २,०८४,७५३ | १,५९२,२३९ | ४९२,५१४ | ३०.९३% |
| खुद ब्याज आम्दानी | १,०५०,२९९ | ९९३,६०९ | ५६,६८९ | ५.७१% |
| कर्मचारी खर्च | ३६६,७८९ | ३५८,६६३ | ८,१२६ | २.२७% |

| | | | | |
|---|---|---|---|---|
| अन्य संचालन खर्च | २४९,७२१ | २४९,५६५ | १५६ | ०.०६% |
| संचालन मुनाफा | २६७,७२५ | ४९०,७६८ | -२२३,०४३ | -४५.४५% |
| खुद मुनाफा | १९१,०९८ | ३४१,८१९ | -१५०,७२१ | -४४.०९% |
| नोक्सानी ब्यवस्था थप (कमी) | २५९,४८१ | ९,१७० | २५०,३११ | २७२९.६८% |
| तरलता प्रतिशत | २७.३०% | २०.८६% | - | ६.४४% |
| निष्क्रिय कर्जा प्रतिशत | १.१३% | ०.८०% | - | ०.३३% |
| प्रति शेयर आम्दानी रू. | ७.३३ | १३.११ | -५.७८ | -४४.१०% |
| आधार दर प्रतिशत | ९.९९% | ११.६६% | - | -१.६७% |
| पुँजी कोष पर्याप्तता प्रतिशत | १२.९३% | १६.६६% | - | -३.७३% |

विश्वब्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीले सृजित असहज परिस्थितीले गर्दा विश्व अर्थतन्त्र नै थलिएको अवस्थामा अधिकांश उद्योग, ब्यापार र ब्यवसायहरूमा प्रतिकुल असर पर्न गएको यहांहरूलाई विदितै छ । आ.ब. २०७६/७७ को चैत्र महिनादेखि लामो समयसम्म देशब्यापी रूपमा भएको बन्दाबन्दीको प्रत्यक्ष प्रभाव हाम्रो बैंकलाई पनि परेको छ । यसरी कोभिड-१९ को कारण ऋणीहरूमा परेको असर न्यूनीकरण गरी राहत दिने उद्देश्यले नेपाल राष्ट्र बैंकद्धारा निर्देशन भए बमोजिम ग्राहकहरूलाई ठूलो रकम छुट राहतस्वरूप प्रदान गर्नु परेको साथै बन्दाबन्दीको समयमा ग्राहकहरूलाई घरमै बसी सेवा प्रदान गर्ने उद्देश्यले बिभिन्न डिजिटल माध्यमबाट प्रदान गरीने बैंकिङ्ग सुबिधाहरूमा समेत छुट प्रदान गर्नु परेको कारण बैंकको ब्यवसाय तथा मुनाफामा प्रत्यक्ष असर पर्न गएको छ ।

यस्तो बिषम परिस्थितीका वावदुत पनि उपरोक्त वित्तीय विवरणहरूको आधारमा बिकास बैंकको केही वित्तीय सूचकांकहरू मुनाफा बाहेक सन्तोषजनक नै रहेका छन । विकास बैंकले यस आ.ब.२०७६/७७ को मुनाफाबाट बोनस शेयर वितरण गर्ने प्रस्ताव गरेकोले विकास बैंकको चुक्ता पूंजीमा ५ प्रतिशतले बृद्धि हुने भएको छ भने पूंजीकोष पर्याप्तता नेपाल राष्ट्र बैंकले राष्ट्रिय स्तरको विकास बैंकलाई तोकेको १० प्रतिशत भन्दा २.९३ प्रतिशतले अझै अधिक रहेको छ ।

त्यस्तै विकास बैंकको खुद ब्याज आम्दानी २१.२४ प्रतिशतले बृद्धि भएको छ भने कोभिड-१९ महामारीको कारण समयमा कर्जाको ब्याज असुली हुन नसकेकोले सम्भावित नोक्सानी ब्यवस्थामा केही बृद्धि भई निष्कृय कर्जा अनुपात गत आ.ब. भन्दा ०.३३ प्रतिशतले बृद्धि भएको छ । जसले गर्दा जगेडा तथा कोषहरूमा १०.२९ प्रतिशतले मात्र बृद्धि हुनको साथै खुद मुनाफामा समेत गत आ.ब.को भन्दा ४४.०९ प्रतिशतले ऋणात्मक हुन गएको छ ।

गत आ.ब २०७५/७६ को कुल कर्जा तथा सापटीमा करिव रू. ४ अर्व ४३ करोड थप कर्जा प्रवाह गरी बैंकले यस आ.ब. २०७६/७७ मा कुल रू. २३ अर्व ८७ करोड पुर्‍याएको छ जुन गत आ.ब.को तुलनामा २२.७९ प्रतिशतको बृद्धि हो भने निक्षेपमा रू. ६ अर्व ६८ करोड थप निक्षेप संकलन गरी रू. २९ अर्व २५ करोड पुर्‍याएको छ जुन गत बर्षको तुलनामा २९.६१ प्रतिशतको बृद्धि हो । त्यसको साथै समिक्षा बर्षमा बैंकले लगानी तर्फ झण्डै रू. १ अर्व ४८ करोड बराबरको विकास ऋणपत्र तथा ट्रेजरी बिलमा र म्यूच्अल फण्ड तथा अन्य संस्थाहरूको शेयरमा रू. १२ करोड गरी कुल १ अर्व ६० करोड बराबर लगानी थप गरेकोले बैंकको आम्दानीमा विविधता गर्ने तर्फ अग्रसर भएको छ ।

### ख) निक्षेप संकलन :

| बिभिन्न आर्थिक बर्षहरूको निक्षेप रकम | |
|---|---|
| आर्थिक वर्षहरू | रकम रू. हजारमा |
| २०७२/७३ | १०,३६१,०१७.०० |
| २०७३/७४ | १३,८७२,८४०.०० |
| २०७४/७५ | १७,७८८,२३०.०० |
| २०७५/७६ | २२,४७०,५२५.०० |
| २०७६/७७ | २९,२५३,४२७.०० |

**बिगत पांच आ.व. देखि हालसम्म यस विकास बैंकको निक्षेप रकमको बृद्धिदर निम्नानुसार छ :**

आ.ब २०७५/७६ को अन्त्यमा रू. २२ अर्व ४७ करोड निक्षेप रहेकोमा यस विकास बैंकले यस आ. ब. २०७६/७७ को आषाढ मसान्तसम्म आईपुग्दा करिब ६ अर्व ६८ करोड थप निक्षेप संकलन गरी रू. २९ अर्व २५ करोड पुर्‍याएको छ जुन गत बर्षको तुलनामा २९.६१ प्रतिशतको बृद्धि हो भने सो अवधिसम्म विकास बैंकका करिब ३ लाख १० हजार भन्दा बढि ग्राहकहरू रहेका छन ।




हाल यस विकास बैंकको निक्षेपको बनोट यस प्रकार रहेको छ ।

रू. हजारमा

| क्र.सं. | निक्षेपको प्रकार | ०७६/७७ (रू.) | प्रतिशत | ०७५/७६ (रू.) | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | मार्जिन निक्षेप | २२,४४८.०० | ०.०८ | १८,०५६.०० | ०.०९ |
| २. | बचत निक्षेप | ९,३६४,८३५.०० | ३२.०१ | ८,७४१,८२७.०० | ३८.९० |
| ३. | मुद्दती निक्षेप | १५,७२३,९७६.०० | ५३.७५ | ९,४६४,५९२.०० | ४२.१२ |
| ४. | मागेको बखत तिर्नु पर्ने निक्षेप | ३,५१५,३९०.०० | १२.०२ | ३,९०१,५४६.०० | १७.३६ |
| ५. | चल्ती हिसाब | ६२६,७७८.०० | २.१४ | ३४४,५०४.०० | १.५३ |
| जम्मा रू. | | २९,२५३,४२७.०० | १०० | २२,४७०,५२५.०० | १०० |

**आर्थिक बर्ष २०७६/०७७ मा निक्षेपको बनोट**



माथि उल्लेखित निक्षेपको बनोटले पनि प्रष्ट पार्दछ कि विकास बैंकमा मुद्दती निक्षेप तथा बचत निक्षेप मागेको बखत तिर्नू पर्ने (कल खाता) निक्षेपको तुलनामा अंश बढि रहेकोछ । यसरी यस विकास बैंकको कुल निक्षेपको ६५.३३ प्रतिशत निक्षेप सर्वसाधारण व्यक्तिहरूको रहेकाले गर्दा विकास बैंक तरलताको दृष्टिकोणले न्यून जोखिममा रहेको अनुमान गर्न सकिन्छ ।

ग. कर्जा तथा सापट :

| बिभिन्न आर्थिक बर्षहरूको कर्जा तथा सापटी | |
|---|---|
| आर्थिक वर्षहरू | कर्जा तथा सापटी रकम रू. हजारमा |
| २०७२/७३ | ९,१५२,४६७.०० |
| २०७३/७४ | ११,६६७,३२३.०० |
| २०७४/७५ | १४,६५९,१२४.०० |
| २०७५/७६ | १९,४३६,५२६.०० |
| २०७६/७७ | २३,८६५,४९३.०० |

गत आ.ब २०७५/७६ को अन्त्यमा रू. १९ अर्व ४३ करोड कर्जा रहेकोमा बैंकले यस आ. ब. २०७६/७७ को आषाढ मसान्तसम्म आईपुग्दा करिब ४ अर्व ४० करोड थप कर्जा प्रवाह गरी कुल रू. २३ अर्व ८७ करोड पुर्‍याएको छ जुन गत आ.ब.को तुलनामा २२.७९ प्रतिशतको बृद्धि हो ।




घ) मुनाफा :

विश्वब्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीको कारणले गर्दा आ.ब. २०७६/७७ को चैत्र महिनादेखि लामो समयसम्म देशब्यापी रूपमा भएको बन्दाबन्दीले उद्योग, ब्यापार र ब्यवसायहरूमा त्यसको प्रत्यक्ष असर पर्न गई समयमै ब्याज असुली हुन नसकेको साथै ऋणीहरूमा परेको असर न्यूनीकरण गर्न राहत दिने उदेश्यले नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन बमोजिम ग्राहकहरूलाई ठूलो रकम छुट राहतस्वरूप प्रदान गर्नु परेको, डिजिटल माध्यामबाट

प्रदान गरीने बैंकिङ्ग सुबिधाहरूमा समेत छुट प्रदान गर्नु परेको जस्ता कारण बैंकको मुनाफामा प्रत्यक्ष प्रभाव पर्न गई आ.व. २०७६/७७ मा विकास बैंकले रू.१९ करोड १० लाख मात्र खुद मुनाफा आर्जन गर्न सफल भएको छ जुन गत आ.ब. सोही अवधिको तुलनामा ४४.०९ प्रतिशतले ऋणात्मक भएको छ । चालु आ.ब. २०७७/७८ मा बैंकसंग रहेको कोषको लागतलाई निक्षेपको अनुपात मिलाई, कर्जा लगानी बढाउनुको साथै सरकारी ऋणपत्र तथा अन्य कम्पनीहरूको शेयरमा समेत लगानी बृद्धि गर्नुको साथै संचालन खर्चको बृद्धि न्यून गरी आफुसंग रहेको तरलताको अधिकतम उपयोग गरी ब्यवसायिक कारोवारमा बृद्धि गर्दै आगामी वर्षमा बैंकको मुनाफामा दिगो रूपमा वृद्धि हुनेमा बैंक ब्यवस्थापन विश्वस्त रहेको छ ।

| बिभिन्न आर्थिक बर्षहरूको संचालन मूनाफा | |
|---|---|
| आर्थिक वर्षहरू | संचालन मुनाफा रकम रू. हजारमा |
| २०७२/७३ | ३१२,५००.०० |
| २०७३/७४ | ५३८,६८५.०० |
| २०७४/७५ | ४४२,१०८.०० |
| २०७५/७६ | ४९०,७६८.०० |
| २०७६/७७ | २६७,७२५.०० |




| बिभिन्न आर्थिक बर्षहरूको खुद मूनाफा | |
|---|---|
| आर्थिक वर्षहरू | कुल खुद मुनाफा |
| २०७२/७३ | २१५,४४६.०० |
| २०७३/७४ | ३४७,७८६.०० |
| २०७४/७५ | ३०५,१९०.०० |
| २०७५/७६ | ३४१,८१९.०० |
| २०७६/७७ | १९१,०९८.०० |




(२) **राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितीवाट कारोवारलाई परेको असर :**

**कुल ग्राईस्थ उत्पादन तथा मुद्रास्फीती :**

आर्थिक बर्ष २०७६/७७ मा कुल ग्रार्हस्थ उत्पादन बृद्धिदर २.२८ प्रतिशत रहेको केन्द्रीय तथ्याङ्क विभागको अनुमान रहेको छ । अघिल्लो आ.ब.मा यस्तो बृद्धिदर ६.९९ प्रतिशत रहेको थियो । समिक्षा बर्षमा कृषि क्षेत्रको उत्पादन २.५९ प्रतिशत, उद्योग क्षेत्रको ३.२३ प्रतिशत तथा सेवा क्षेत्रको १.९९ प्रतिशतले बृद्धि भएको छ । अघिल्लो बर्ष कृषि क्षेत्रको ५.०६ प्रतिशत, उद्योगको ७.७२ प्रतिशत तथा सेवा क्षेत्रको ७.२७ प्रतिशतले बृद्धि भएको थियो । समीक्षा बर्षमा औद्योगिक क्षेत्रको उत्पादन १४.२७ प्रतिशत रहेको छ भने अघिल्लो बर्ष उक्त १५.०८ प्रतिशत रहेको थियो । त्यस्तै सेवा क्षेत्रको उत्पादन समीक्षा बर्षमा ५८.०८ प्रतिशत रहेकोमा अघिल्लो बर्ष सो क्षेत्रको उत्पादन ५७.४१ प्रतिशत रहेको थियो । कोभिड -१९ को कारण समिक्षा बर्षमा देशको समग्र बित्तीय क्षेत्रमा परेको नकारात्मक प्रभावसंगै यस विकास बैंकको कार्य सम्पादनमा समेत प्रभाव परेको छ ।

आर्थिक बर्ष २०७६/७७ मा नेपालको बार्षिक उपभोक्ता औषत मुद्रास्फीति दर ६.१५ प्रतिशत रहेको छ, जुन की अघिल्लो बर्ष औषत उपभोक्ता मुद्रास्फीति दर ४.६४ प्रतिशत रहेको थियो ।

**बैदेशिक व्यापार :**

आर्थिक बर्ष २०७६/७७ मा कुल बस्तु निर्यातमा ०.६ प्रतिशतले बृद्धि भई रू. ९७ अर्व ७१ करोड पुगेको छ । अघिल्लो बर्षको निर्यात १९.४ प्रतिशतले बृद्धि भएको थियो । समिक्षा बर्षमा भारततर्फ ११.८ प्रतिशत र अन्य मुलुकहरूमा १८.२ प्रतिशतले निर्यात घटेको छ भने चीनतर्फ ४३.५ प्रतिशतले निर्यातमा कमी आएको छ ।

बस्तुगत आधारमा समिक्षा बर्षमा खास गरी पाम तेल, आयुर्वेदिक औषधी,जडीबुटी, प्लाष्टिकका भांडा, फलफुल लगायतको बस्तुहरूको निर्यात बढेको छ भने जस्तापाता, तार, पोलिष्टर तथा धागो, तयारी पोशाक, ऊनी गलैचा लगायतका बस्तुको निर्यात घटेको छ ।

त्यस्तै आ.ब. ०७६/७७ मा कुल बस्तु आयातमा १५.६ प्रतिशतले घटेर रू. ११ खर्ब ९६ अर्व ८० करोड पुगेको छ । अघिल्लो बर्ष सोही अवधिमा बस्तुको आयात १३.९ प्रतिशतले बढेको थियो । समिक्षा बर्षमा आयात गरीने मुलुकहरूका आधारमा भारतबाट भएको आयात १९.९ प्रतिशत, चीनबाट ११.५ प्रतिशत र अन्य मुलुकहरूबाट आयात ५.३ प्रतिशतले घटेको छ ।

यसरी कुल बस्तु ब्यापार घाटा १६.८ प्रतिशतले संकुचन भई रू. १० खर्व ९९ अर्व ९ करोड पुगेको छ । अघिल्लो बर्ष यस्तो ब्यापार घाटा १४.५ प्रतिशतले बढेको थियो । समिक्षा बर्षमा निर्यात आयात अनुपात ८.२ प्रतिशत रहेको छ, जुनकी अघिल्लो बर्ष यस्तो अनुपात ६.८ प्रतिशत रहेको थियो ।

समिक्षा बर्षमा बस्तुगत आधारमा मुख्यतया कच्चा पामतेल, सोयाविन तेल, रसायनिक मल, खाने तेल, कम्प्युटर तथा पार्टपूर्जा, लगायतका बस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपुर्जा, एमएस बिलेट, सुन अन्य मेशिनरी पार्टपूर्जा लगायत बस्तुहरूको आयात घटेको छ ।

**चालु खाता, सोधानान्तर र विप्रेषणको स्थिति :**

अघिल्लो बर्ष रू. २६५ अर्व ३६ करोडले घाटामा रहेको चालु खाता समिक्षा बर्षमा ८७.९ प्रतिशतले संकुचन भई रू. ३२ अर्व ६ करोडले घाटा रहेको छ । निर्यातको तुलनामा आयातमा बृद्धि भएकोले चालु खाता समिक्षा बर्षमा घाटामा गएको छ । त्यसै गरी अघिल्लो बर्ष रू.६७ अर्व ४० करोडले घाटामा रहेको सोधान्तर समिक्षा बर्षमा रू. २८२ अर्व ४१ करोडले बचत रहेको छ । समिक्षा बर्षमा पूंजीगत ट्रान्सफर रू. १४ अर्व २१ करोड र प्रत्यक्ष बैदेशिक लगानी आप्रवाह रू. १९ अर्व ४८ करोड रहेको छ । जून गत बर्ष पूंजीगत ट्रान्सफर १५ अर्व ४६ करोड र प्रत्यक्ष बैदेशिक लगानी रू. १३ अर्व ६ करोड रहेको थियो ।

बैदेशिक रोजगारमा जाने नेपालीहरूको संख्यामा अन्तिम श्रम स्वीकृतिका आधारमा आर्थिक बर्ष २०७६/७७ मा गत बर्षको तुलनामा २०.५ प्रतिशतले घटेको छ । अघिल्लो बर्षको सोही अवधिको तुलनामा यो संख्या ३२.६ प्रतिशतले घटेको छ । समीक्षा बर्षमा विप्रेषण आप्रवाह ०.५ प्रतिशतले कमी भई रू. ८७५ अर्व ३ करोड पुगेको छ अघिल्लो बर्ष विप्रेषण आप्रवाह १६.५ प्रतिशतले बृद्धि भएको थियो । त्यस्तै समिक्षा अवधिमा खुद ट्रान्सफर आय १३ प्रतिशतले कमी भई रू. ९८२ अर्व २२ करोड रहेको छ । जुन अघिल्लो बर्ष यस्तो आय १५ प्रतिशले बढेको थियो ।

**बित्तीय पहुंच :**

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको संख्या २०७७ आषाढ मसान्तमा "क" वर्गका वाणिज्य बैंकहरू २७, "ख" वर्गका विकास बैंकहरू २०, "ग" वर्गका बित्त कम्पनीहरू २२ र "घ" वर्गका लघुबित्त संस्थाहरू ८५ र पूर्वाधार विकास बैंक १ गरी बैंक तथा बित्तीय संस्थाहरूको कुल संख्या १५५ कायम भएको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो संख्या १७१ रहेको थियो ।

कुल ७५३ स्थानीय तहहरूमा वाणिज्य बैंकहरूको शाखा पुर्‍याउने नीति अनुरूप २०७७ आषाढ मसान्तसम्म ७४७ वटा स्थानीय तहमा वाणिज्य बैंकहरूको शाखा पुगिसकेका छन । बैंक तथा बित्तीय संस्थाका शाखा बिस्तारसंगै बित्तीय पहुंच समेत बढेको छ । बैंक तथा बित्तीय संस्थाको शाखा संख्या गत २०७६ आषाढ मसान्तमा ८,६८६ रहेकोमा २०७७ आषाढ मसान्तमा ९,७१६ पुगेको छ । २०७७ आषाढसम्म बैंक तथा बित्तीय संस्थाको प्रति शाखाबाट औषत करिब ३,०७५ जनसंख्याले सेवा प्राप्त गर्न सक्ने देखिन्छ भने २०७६ आषाढमा यस्तो संख्या ३,३६३ रहेको थियो । बैंक वित्तीय संस्थाहरूको संख्या घटेको भएता पनि शाखा संख्या गत वर्षको भन्दा १,०३० बृद्धि भएकाले बैकिङ्ग क्षेत्र अझ प्रतिस्पर्धी बन्न पुगेको छ ।

**निक्षेप तथा कर्जा सापट :**

यस आ.ब.२०७६/७७ मा बैंक तथा बित्तीय संस्थाहरूको निक्षेप १८.७ प्रतिशतले बढेको छ । जुन अघिल्लो बर्ष १८ प्रतिशतले बढेको थियो । यसरी २०७७ आषाढ मसान्तमा बैंक तथा बित्तीय संस्थाहरूको कुल निक्षेपको बनोट चल्ती १० प्रतिशत, बचत ३१.९ प्रतिशत र मुद्दतीको ४८.६ प्रतिशत अंश रहेको छ । अघिल्लो बर्ष यस्तो अंश क्रमशः ९.७ प्रतिशत, ३२.८ प्रतिशत र ४६.३ प्रतिशत रहेको थियो । २०७७ आषाढ मसान्तमा बैंक तथा बित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत

निक्षेपको अंश ४४.३ प्रतिशत रहेको छ जुन २०७६ आषाढ मसान्तमा ४५.३ प्रतिशत रहेको थियो । समीक्षा बर्षमा बैंक तथा बित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १२ प्रतिशतले मात्र बढेको छ । जुन अघिल्ले बर्ष यस्तो कर्जा १९.४ प्रतिशतले बढेको थियो । निजि क्षेत्रतर्फ प्रवाहित कर्जा मध्ये वाणिज्य बैकहरूको कर्जा प्रवाह १६ प्रतिशतले बढेको, बित्त कम्पनीहरूको ८ प्रतिशतले बढेको छ भने विकास बैंकहरूको कर्जा प्रवाह १६.२ प्रतिशतले घटेको छ । सो आ.ब.मा विकास बैंकहरू वाणिज्य बैंकहरूमा गाभिएका कारण विकास बैंकहरूको कर्जा प्रवाह घटेको देखिन गएको हो । २०७७ अषाढ मसान्तमा बैंक तथा बित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जा मध्ये ६५.७ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १३ प्रतिशत कर्जा चालु सम्पत्ति कृषि र गैह्र कृषिजन्यको धितोमा प्रवाह भएको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६४.४ प्रतिशत र १३.५ प्रतिशत रहेको थियो ।

आ.ब.२०७६/७७ मा बैंक तथा बित्तीय संस्थाहरूको कृषि क्षेत्रतर्फको कर्जा १६.७ प्रतिशत, निर्माण क्षेत्रपतर्फको कर्जा १२.३ प्रतिशत, औद्योगिक उत्पादन तर्फको कर्जा ११.५ प्रतिशत, यातायात, संचार तथा सार्वजनिक सेवा तर्फको कर्जा १८.६ प्रतिशत, थोक तथा खुद्रा ब्यापार क्षेत्रतर्फको कर्जा ७.७ प्रतिशत र सेवा उद्योग तर्फको कर्जा २२.१ प्रतिशतले बद्धि भएको छ । समीक्षा यस बर्षमा बैंक तथा बित्तीय संस्थाहरूबाट प्रवाहित आवधिक कर्जा २७.७ प्रतिशत, ओभरड्राफ्ट कर्जा ७.२ प्रतिशत, ट्रष्ट आयात कर्जा ८.७ प्रतिशत, डिमाण्ड तथा चालु पूंजी कर्जा १४ प्रतिशत, रियलस्टेट कर्जा (ब्यक्तिगत आवासीय घर कर्जा) ८.१ प्रतिशत र मार्जिन प्रकृति कर्जा ११ प्रतिशतले बढेको छ भने हायर पर्चेज कर्जा ३.८ प्रतिशतले घटेको छ ।

**(३) चालु आ. व. को उपलव्धी र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणा :**

**(क) वित्तिय परिसूचकमा उपलव्धी :**

आ.व. २०७६/७७ को दोस्रो त्रैमास पौष मसान्तसम्म आई पुग्दा बिकास बैंकको उपलब्धिहरू निम्न बमोजीम रहेको छ ।

रू. हजारमा

| विवरण | पौष मसान्त २०७७ | पौष २०७६ | वृद्धि/कमी | |
|---|---|---|---|---|
| | | | रकममा | प्रतिशत |
| चुक्ता पूँजी | २,६०६,६४० | २,६०६,६४० | - | .००% |
| जगेडा तथा कोषहरू (लाभांश | ६५८,७०४ | ५५०,६१० | १०८,०९४ | १९.६०% |
| कुल सम्पत्ति | ४०,१४१,१९४ | २९,३०६,९२५ | १०,८३४,२६९ | ३७.००% |
| कुल निक्षेप | ३५,९५०,३५६ | २५,५७६,०३० | १०,३७४,३२६ | ४०.६०% |
| कुल कर्जा तथा सापट | ३०,३५७,५५१ | २२,०५७,३५० | ५,५२६,२०० | २५.१०% |
| कर्जा निक्षेप अनुपात (ने. रा. बै. अनुसार) | ७८.२३% | ७६.७१% | - | १.५२% |
| लगानी | ४,२४७,९३३ | १,३४०,५४० | २,९०७,३९३ | २१६.९०% |
| प्रतिशेयर आम्दानी | १२.६५ | १४.६८ | -२.०३ | -१३.८०% |
| तरल सम्पत्ती | ८,२८९,३२४ | ६,१५७,७०५ | २,१२९,०२१ | ३४.६०% |
| तरलता प्रतिशत | २३.०६% | २४.०६% | - | -१.००% |
| पुँजी कोष पर्याप्तता प्रतिशत | ११.९८% | १५.४३% | - | -३.४५% |
| खुद मुनाफा | १६४,८०५ | १९१,३६७ | -२६,५६२ | -१३.९०% |
| निष्क्रिय कर्जा प्रतिशत | २.४३% | ०.६८% | - | १.७५% |
| शाखा संख्या | ९२ | ८७ | ५ | ५.८०% |

उपरोक्त सूचाङ्कहरूले प्रष्ट पार्दछ की चालु आ.ब.२०७६/७७ को दोस्रो त्रैमाससम्म आईपुग्दा गत आ.ब.सोही अवधिको तुलनामा निक्षेपमा रू. १० अर्ब ८३ करोड बृद्धि गरी रू.३५ अर्ब ९५ करोड अर्थात ४०.६० प्रतिशत, कर्जामा रू. ८ अर्ब ३० करोड बृद्धि गरी रू. ३० अर्व ३५ करोड अर्थात ३७.६३ प्रतिशतले वृद्धि गरेको छ । खुद मुनाफामा भने रू. २ करोड ६५ लाखले कमी अर्थात १३.९० प्रतिशतले कमी भएको छ । साथै निष्कृय कर्जा अनुपातमा समेत केही बृद्धि रहेको छ भने कर्जा/निक्षेप अनुपात (ने.रा.बै.अनुसार) ७८.२३ प्रतिशत कायम गर्न सफल रहेको छ । सो अवधिमा बैंकले थप ४ वटा नयाँ शाखाहरू विस्तार गरेको र अन्य ५ वटा शाखाहरू समेत यसै आ.ब.मा विस्तार हुने क्रममा रहेकाले आगामी दिनहरूमा कर्मचारी खर्च तथा संचालन खर्च केही बढ्न जाने हुन्छ भने शाखा सन्जालको बिस्तारसंगै बैंकले आफ्नो नयाँ रणीति तय गरी ब्यवसाय कारोवारमा सोही अनुरूप बृद्धि गर्दै लैजानुको साथै कर्जा असुली कार्यमा तदारूकता साथ जोड दिई निष्कृय कर्जा अनुपातलाई न्यून गरी मुनाफा बढाएर उचित प्रतिफल दिने कुरामा विश्वास दिलाउन चाहान्छु ।

**(ख) ग्राहक सेवा तथा सुचना प्रविधीको सम्बन्धमा :**

आजको यस प्रतिस्प्रधात्मक विश्व वजारमा बैकिङ्ग क्षेत्रमा सुचना तथा प्रविधिको तिब्र गतिमा भईरहेको परिवर्तनलाई समयानकुल आत्मसाथ गर्दै यस बैंकलाई सवल, सक्षम एवं प्रतिस्पर्धि सूचना प्रविधियुक्त बनाई सेवाग्राहीलाई सरल, सहज एवं छिटो छरितो रूपमा बैकिङ्ग सेवा प्रदान गर्ने उद्देश्यले सूचना प्रविधिको संयन्त्रमा स्तर बृद्धि गर्दै बिभिन्न किसिमका अत्याधुनिक सेवाहरू प्रदान गर्दै आईरहेको छ ।

- **ATM सेवा** : ग्राहकहरूको सुविधालाई मध्येनजर गर्दै यस विकास बैंकले भिषा डेविट कार्ड संचालनमा ल्याई उक्त कार्डमा Chip based EMV सेवा थप गरीएको छ भने बैंकले यसै बर्ष Paper Base Pin लाई बिस्तापित गरी ग्राहकलाई Mobile OTP को माध्यमबाट Green Pin सेवाको समेत शुरूवात गरेको छ । यसबाट ग्राहकवर्गहरूलाई सहज रूपमा सेवा प्रदान गर्न सकिने विश्वास लिईएको छ । हालसम्म यस विकास बैंकले आफ्नो ३१ स्थानवाट ATM सेवा प्रदान गर्दै आईरहेको छ । यसरी एपोलो हस्पीटल, नयाँ दिल्ली इन्डीयासंग तथा काठमाण्डौ उपत्यका, पोखरा, नारायणगढ र नेपालगञ्जमा रहेका अन्य हस्पीटलहरूसंग समेत सम्झौता गरी यस विकास बैंकका ग्राहक, शेयरधनी, कर्मचारी तथा तिनका परिवारहरूले उक्त हस्पीटलमा स्वास्थ्य सम्बन्धी सेवा लिंदा सहुलियत दरमा स्वास्थ्य सेवामा छुट लिई लाभान्वित हुदै आईरहेका छन । सो सेवा लिन ग्राहकहरूले यस विकास बैंकले प्रदान गर्ने भिषा डेविट कार्ड लिएको हुन पर्ने जानकारी गराउंदछु ।

- **Bank Smart & SMS सेवा** : ग्राहक महानुभावहरूलाई सजिलो रूपमा आफ्नो घर/कार्यालयमा वसी आफ्नो कारोवार वारे जानकारी प्राप्त गर्नको साथै ग्राहकले यस बैंकमा रहेको आफ्नो खाताबाट सिधै अर्को बैंक तथा बित्तीय संस्थामा रहेको खातामा तथा अन्य बैंकबाट यस बैंकमा रहेको खातामा रकम रकमान्तरण गर्न सकिने आधुनिक Bank Smart सेवा, Mobile Banking सेवालाई अपग्रेड गरी Bio-metric Login, बिल भुक्तानी सेवा समेत थप गरिएको छ । यसरी ग्राहकहरूले I-Banking, E-Sewa, Khalti जस्ता सेवाहरूबाट पैसा पठाउने, बिजुली तथा टेलिफोनको बिल भुक्तानी जस्ता सेवाहरू प्रयोग गर्दै आईरहेका छन । यस बैंकका करिब ६० हजार जति सेवाग्राहीहरूले उक्त सेवा उपभोग गर्दै दैनिक आफ्नो खातामा भएको कारोवारको सहजै SMS सेवाबाट जानकारी प्राप्त गर्दै आईरहेका छन । हालसालै Online Account Opening, Online Fixed Deposit तथा Online Loan Application को ब्यवस्था समेत गरिएको छ ।

- **अन्तर बैंक भुक्तानी प्रणाली सेवा** : यस विकास बैंकले नेपाल क्लियरिङ्ग हाउस लिमिटेडसंग सम्झौता गरी अन्तरबैंक भुक्तानी प्रणाली सेवाबाट अन्य बैंक तथा बित्तीय संस्थाहरूबाट यस बैंकमा रहेको खातामा सिधै रकम जम्मा गर्न मिल्ने तथा यस बैंकमा रहेको आफ्नो खाताबाट अन्य बैंकमा रकम पठाउनुको साथै बिभिन्न संस्थाहरूले प्रदान गर्ने नगद लाभांश यस बैंकमा रहेको खातामा सहजै जम्मा गर्न सक्ने जस्ता सेवाहरू प्रदान गर्दै आईरहेको छ । यसरी बैंकले Connect IPS सेवामा Real Time Payment & Settlement सेवा समेत थप

गरी आफनो बैंक खाताबाट अनलाइन तथा मोबाइल एप्सबाट बिल भुक्तान तथा रकम टान्सफर गर्न सकिने, राजस्व भुक्तानी, मोबाइल बालेट, शेयर ब्रोकर भुक्तानी, क्रेडिट कार्ड बिल भुक्तानी RTGS सेवा जस्ता सेवाहरू प्रदान गर्दै आईरहेको छ ।

❖ **आश्वा सेवा** : विकास बैंकले आफ्ना ग्राहकहरूलाई बिभिन्न कम्पनीहरूको सार्वजनिक शेयर निष्काशनको क्रममा आश्वा (ASBA) प्रणाली मार्फत ती कम्पनीहरूको शेयर लगानीमा आबेदन दिन सक्ने साथै सिधै बिधुतीय माध्यमबाट समेत आबेदन भर्न सक्ने ब्यवस्था गरेको छ । यो सेवा यस विकास बैंकमा खाता भएका ग्राहकहरूले विकास बैंकको सम्पूर्ण शाखाहरूबाट प्राप्त गर्न सक्ने छन ।

यसै गरी विगतका बर्षहरू देखि नै विकास बैंकले आफ्ना ग्राहकहरूलाई ABBS सेवा, केही शाखाहरूबाट शनिबार तथा सार्वजनिक बिदाका दिनहरूमा समेत काउन्टर खोली निक्षेप लिने तथा चेकहरूको भुक्तानी दिने सन्ध्याकालीन सेवा जस्ता ३६५ दिने बैंकिङ्ग सेवा तथा बिभिन्न विप्रेषण कम्पनीहरूसंग सम्झौता गरी बिभिन्न मुलुकहरूबाट पठाएको रकम भुक्तानी गर्ने तथा स्वदेश भित्र एक स्थानबाट अर्को स्थानमा रकम पठाउने र पठाएको रकम भुक्तानी दिने र ग्राहकहरूको बहुमूल्य सामानहरू, सुन चांदी तथा अन्य कागजातहरूको सुरक्षाको लागि बिभिन्न शाखाहरूबाट लकर सेवा उपलब्ध गराउदै आईरहेको छ ।

**(ग) शाखा सञ्जाल विस्तार :**

**स्थानीय विकासको आधार** भन्ने आफ्नो मुलनारालाई आत्मसाथ गर्दै विकास बैंकले स्थापना काल देखि नैं ग्रामीण क्षेत्रका जनताहरू बिच आधुनिक बैंङ्किक सेवा, सुविधा प्रदान गर्दै आईरहेको यहांहरू सामु सर्वविवित नै छ साथै, देश संघीयतामा गई सके पश्चात नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको स्थानीय स्तरमा शाखा सञ्जाल पुर्याउने नीतिलाई अबलम्बन गर्दै विकास बैंकले आफ्नो संस्थापित शाखाहरूको विकास तथा नयाँ शाखा बिस्तार गर्ने नीति अनुरूप आवश्यकताको पहिचान तथा बिभिन्न स्थानहरू छनौट गरी सातै वटा प्रदेशका स्थानीय तहहरूमा आफ्नो उपस्थिती मार्फत शाखा संजाललाई बिस्तार गर्दै समिक्षा बर्षको अन्तिममा बैंकको शाखा संख्या जम्मा ९१ रहको छ भने सो पश्चात यो बित्तीय विवरण तयार पर्दाको दिनम्म असन शाखा काठमाण्डौं, कोल्हवी शाखा बारा, भैरहवा शाखा रूपन्देही र बेलवारी शाखा मोरङ्ग गरी ४ वटा थप शाखाहरू संचालनमा ल्याई हाल शाखा संख्या ९५ रहेका छन भने आाफ्नो ब्यवसाय बृद्धि र विस्तारका लागि यसै चालु आर्थिक बर्षमा उपत्यका भित्र र बाहिर गरी अन्य थप ५ वटा शाखा विस्तार गर्ने नीति लिएको व्यहोरा सम्मानीत सभा समक्ष जानकारी गराउँदछु ।

**(घ) आन्तरिक नियन्त्रण प्रणालीको विवरण :**

नेपाल राष्ट्र बैंकको निर्देशन, बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १४ र १५ मा भएको ब्यवस्था बमोजिम सञ्चालक समितिले आफ्नो जवाफदेहीतामा गैह्र कार्यकारी संचालकहरूको संयोजकत्वमा आन्तरिक लेखा परीक्षण समिति, जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुबिधा निर्धारण समिति र सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समिति गठन गरी उक्त समितिको बैंठकमा भए गरेका काम कारवाहीहरू संचालक समितिको बैंठकमा समेत जानकारी गराई छलफल गरी आवश्यक निर्देशन दिने गरेको छ । त्यस्तै ब्यवस्थापनस्तरमा पदपूर्ति समिति, आर्थिक प्रशासन उप समिति, कर्जा तथा असुली उप समिति, सम्पत्ती तथा दायित्व उप समिति (ALCO) र खरिद उप समित गठन गरी विकास बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न विभिन्न विनियमावली, नीति, निर्देशन, कार्यविधि तथा मार्गदर्शनहरू पारीत गरी आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई तथा जानकारी गराई लागु गरेको छ ।

यस विकास बैंकका गैह्र कार्यकारी सञ्चालकको संयोजकत्वमा गठित लेखा परीक्षण समितिले विकास बैंकको वित्तीय कारोबारको त्रैमासिक रूपमा बैंठक बसी अनुगमन गर्ने गरी आन्तरिक नियन्त्रणलाई प्रभावकारी तुल्याउदै आइरहेको

छ । यसै समिक्षा आ.ब. देखि आन्तरीक लेखा परीक्षण विभाग खडा गरी दैनिक रूपमा कार्य सम्पादन कारोवारहरूको लेखा जोखा तथा जाँच गर्ने साथै मूल्या°g, अध्ययन तथा नियन्त्रणको रूपमा आन्तरिक लेखा परीक्षण गरी नियन्त्रण प्रणालीलाई चुस्त र दुरूस्त राख्ने गरीएको छ भने उक्त आन्तरिक लेखा परीक्षकले औल्याएका कैफियत तथा त्रुटिहरूलाई तत्कालै सुधार गर्दै आईरहेको छ ।

**(ङ) सम्पत्ति शुद्धिकरण निवारण तथा ग्राहक पहिचान :**

सम्पत्ति शुद्धिकरण तथा आतंकबादी क्रियाकलापमा बित्तीय लगानी निवारण सम्बन्धी कार्यको प्रभावकारी नियन्त्रणका लागि यस बैंकले सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४, सम्पत्ति शुद्धिकरण निवारण नियमावली २०७३, नेपाल राष्ट्र बैंक, बित्तीय जानकारी इकाईले जारी गरेका निर्देशन तथा परिपत्र बमोजिम आवश्यक नीति प्रक्रियाको तर्जुमा गरी निरन्तर रूपमा कार्यान्वयन गर्दै आएको छ ।सो को प्रभावकारी रूपमा कार्यान्वयन गर्न बैंकका सञ्चालक श्री सुशिल काजी बानियाँज्यूको संयोजकत्वमा सम्पत्ति शुद्धिकरण तथा आतंकबादी कार्यमा बित्तीय लगानी निवारण सम्बन्धी समिति गठन गरीएको छ । यस समितिले गरेका निर्णयहरू तथा भएका कार्यहरू सञ्चालक समितिमा छलफल गर्ने गरीएको छ । यस विकास बैंकले AML/CFT इकाई खडा गरी ग्राहक पहिचान, AML Policy तथा Customer due diligence Procedures बनाई उक्त इकाईले प्रत्येक शाखाहरूमा आवश्यक कर्मचारी तोकी सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी ऐन तथा निर्देशनहरूको कार्यान्वयन गर्दै आएको छ ।

**(४) पूँजी वृद्धि तथा संरचना सम्बन्धमा :**

आर्थिक वर्ष २०७६/७७ को अन्त्यमा विकास बैंकको चुक्ता पुँजी रू. २,६०६,६४०,४००/ कायम रहेको छ । यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड र अन्य ईजाजतपत्र प्राप्त बैंक तथा बित्तीय संस्थाहरू एक आपसमा गाभ्ने गाभिने तथा यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बित्तीय संस्थाहरूलाई प्राप्ति गर्ने कार्य खुला रूपमा अघि बढाउने बैंकको योजना रहनेछ । साथै चालु आ.व. २०७७/७८ मा बैंकले ७५ करोड बराबरको ऋणपत्र निष्कासनको लागि प्रकृया अगाडी बढाएको छ ।

**(५) मानव संशाधन व्यवस्थापन :**

समिक्षा बर्षको आषाढ मसान्तमा विकास बैंकमा कुल ६७४ जना कर्मचारीहरू कार्यरत रहेका छन । जसमध्ये ९२ जना नयाँ कर्मचाारी नियुक्ती तथा ८९ जना कर्मचारीहरू सेवाबाट अलग भएका छन । विकास बैंकको कुल कर्मचारी संख्या मध्ये ३२४ जना (४८.१० प्रतिशत) महिला कर्मचारीहरू रहेका छन । बैंक तथा बित्तीय संस्था भनेको देश विकासको एक जिम्मेवार एवं आर्थिक मेरूदण्ड भएकोले राष्ट्रको हरेक आर्थिक गतिविधिहरूमा यसको प्रत्यक्ष प्रभाव पर्ने गर्दछ । दक्ष जनशक्ति विना कुनै पनि संस्था सफलता पूर्वक अगाडी बढ्न नसक्ने साथै आजको यस प्रतिस्पधात्मक युगमा दक्ष जनशक्ति बिना कुनै पनि संस्थाको सफलताको परिकल्पना गर्न नसकिने भएकोले आफ्नो जनशक्तिलाई प्रतिस्पर्धीहरूको बिच सक्षम बनाई आफ्ना ग्राहकहरूलाई आधुनिक सेवा एवं सुबिधाहरू प्रदान गर्न उचित प्रशिक्षण एवं तालिमको आवश्यकतालाई दृष्टिगत गरी विकास बैंकले कार्यरत कर्मचारीहरूलाई आवश्यकता अनुसारको बाह्य तथा आन्तरीक तालीमहरू विभिन्न समयमा गराउँदै आइरहेको छ ।

बाह्य तालीम अन्तर्गत विभिन्न प्रतिष्ठित संस्थाहरूले सञ्चालन गर्ने तालीम तथा कार्यशाला गोष्ठीमा आवश्यकता अनुसार कनिष्ठ तह देखि कार्यकारी तहका कर्मचारीहरूलाई सहभागी गराउदै आईरहेको छ भने ब्यवस्थापन तहका कर्मचारीहरूलाई विकास बैंकको आवश्यकता अनुसार बैदेशीक तालिम नीति तयार गरी बिदेशमा समेत पठाउने गरेकोछ । त्यस्तै विकास बैंकले विभिन्न विभागमा कार्यरत मानव संशाधनको कारोवारको प्रकृतीको आधारमा आन्तरिक रूपमा समेत तालीम प्रदान गर्दै आईरहेकोछ भने नयाँ नियुक्त गरेका कनिष्ठ स्तरका कर्मचारीहरूलाई आन्तरिक तथा बाहीरबाट समेत प्रशिक्षक ल्याई अभिमुखिकरण सम्बन्धी तालिम प्रदान गर्दै आईरहेको छ । साथै हाल कोभिड-१९ को परिस्थितीमा Online मार्फत समेत तालिम प्रदान गएिको र आगामी दिनहरूमा पनि यसलाई निरन्तरता दिने नीति बैंकले लिएको छ ।

नेपाल राष्ट्र बैंकबाट बैंक तथा बित्तीय संस्थाहरूलाई जारी निर्देशन अनुरूप कुल कर्मचारी तलब भत्ता खर्चको तीन प्रतिशतले हुने रकम कर्मचारीको तालिम तथा बृद्धि विकासमा खर्च गर्नु पर्ने ब्यवस्था भए बमोजिम समिक्षा बर्षमा विकास बैंकले आन्तरिक तथा बाह्रय गरी करिब सम्पूर्ण कर्मचारीहरूलाई तालिममा सहभागि गराई जनशक्ति तालीममा रू. ५४,९९,०३६/- खर्च गरेको छ । त्रैमासिक रूपमा उच्च व्यवस्थापन, विभागीय प्रमुख र शाखा प्रमुख विच विभिन्न शाखाहरूको कारोवार, प्रगती विवरण र समस्याहरूवारे छलफल तथा भावी योजना वारे प्रशिक्षण तथा अन्तरक्रिया गर्दै आईरहेको छ ।

(६) **संस्थागत सुशासन :** कुनै पनि संस्थाको सफलता मुल रूपमा त्यस संस्थाले अवलम्बन गर्ने कुशल संस्थागत सुशासनका अभ्यासहरूमा निर्भर हुने गर्दछ । संस्थागत सुशासन बिना कुनै पनि संस्था लामो समय तथा दिगो रूपमा अगाडी बढ्न नसक्ने हुँदा विश्वसनीय ब्यवसाय संचालनको लागि संस्थागत सुशासन प्रमुख आधार हो भन्ने मान्यतामा बैंक प्रतिबद्ध रही सोही बमोजिम यसका मुलभूत मान्यताहरू जवाफदेहिता, पारदर्शिता र ईमानदारितालाई बैंकले सदैब पालना गर्दै आईरहेको छ । प्रचलित ऐन नियम नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरूद्धारा जारी निर्देशन तथा बैंकको आफनै नीति नियम तथा निर्देशिका बमोजिम कार्य संचालन गर्दै आईरहेको छ । यसरी आवश्यक नीति नियमहरू समयानुकुल संशोधन सहित अद्यावधिक गरी लागु गर्ने काम निरन्तर भईरहेको छ भने बैंकले आफ्नो बित्तीय विवरणहरू तथा नियमनकारी निकायद्धारा निर्धारण गरीएका सूचना तथा प्रतिबेदनहरू सरोकारवाला निकायहरूसंग पेश गर्नुको साथै प्रकाशन गरी आफ्नो वेवसाईटमा समेत राख्दै आईरहेको छ ।

यसरी यस विकास बैंकले बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरूद्धारा जारी नीति, निर्देशन तथा परिपत्रहरूको सञ्चालक तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचरणहरू उच्च प्राथमिकताका साथ पालना गर्दै आईरहेको र भविष्यमा समेत पूर्ण रूपमा पालना गरीने छ ।

(७) **औद्योगीक वा व्यवसायिक सम्बन्ध :**

विकास बैंकले आफ्नो ब्यवसायिक सम्बन्ध तथा कारोवार विस्तारको लागि नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स काठमण्डौंको सदस्यता लिनुको साथै स्थानीय स्तरमा रहेका संघ/संस्था, बिभिन्न सरकारी तथा गैह्र सरकारी कार्यालय, कर्मचारीहरूसंग व्यवसायीक र कारोवारको सम्बन्ध फराकिलो बनाउदै अगाडी बढिरहेको छ ।

नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, कम्पनी रजीष्ट्रार कार्यालय, धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस एण्ड क्लिेरिङ्ग लिमिटेड, विभिन्न बैंक तथा वित्तिय संस्थाहरू, नेपाल सरकार र सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरू, डेभलपमेन्ट बैङ्कर्स एशोसिएसन लगायत विकास बैंकसंग सम्बद्ध अन्य संघ संस्थाहरू तथा सरोकारवालाहरूसंगको सौहार्दपूर्ण ब्यवसायिक सम्बन्ध बिस्तार गर्दै लगीएको र बैंक तथा ग्राहक महानुभावहरू विचको कारोवार सम्बन्ध र सुरक्षालाई ध्यानमा राखी सुमधुर सम्वन्ध कायम गरीएको जानकारी गराउँदछु ।

(८) **संस्थागत सामाजिक उत्तरदायित्व :**

बैंकले आफ्नो मुनाफामा मात्र केन्द्रित नभई सामाजिक क्षेत्रमा पनि केही योगदान पुर्‍याउनु पर्दछ भन्ने कुरालाई आत्मसाथ गर्दै बिगतका बर्षहरूमा झै यस कार्यलाई निरन्तरता दिदै संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अर्न्तगत विभिन्न कार्यक्रमहरूमा आफै प्रत्यक्ष वा परोक्ष रूपमा तथा अन्य संस्थाहरूले गरेको कार्यक्रममा आर्थिक रूपमा सहयोग गरी सक्रिय सहभागिता जनाउदै आइरहेकोछ ।

नेपाल राष्ट्र बैंकको ई.प्रा.निर्देशन नं. ६ को १६ बमोजिम बैंकले समीक्षा बर्षमा खुद मुनाफाको १ प्रतिशतले हुने रू.१९,१०,९७८/ संस्थागत सामाजिक उत्तरदायित्व कोषमा विनियोजन गरेको छ । जुन अघिल्लो आ.ब.मा उक्त कोषमा रू. ५२,३१,६९०/ रहेकोमा समिक्षा वर्षमा विकास बैंकले केन्द्रीय कार्यालय तथा विभिन्न शाखा कार्यालयहरूबाट सातैवटा प्रदेशमा नेपाल राष्ट्र बैंकले, बैंक तथा बित्तीय संस्थाहरूलाई जारी ई.प्रा.निर्देशन नं. ६ को १६ बमोजिम बिभिन्न शिक्षा, स्वास्थ्य, खेलकुद, धार्मिक अनुष्ठान, बृद्धाआश्राम, असहाय तथा पिछडिएको क्षेत्रका द्धन्दपिडित बालबालिका तथा बिद्यालयहरूका असहाय विद्यार्थीहरूलाई छात्रवृति, बित्तीय साक्षरता कार्यक्रम, गैह्र सरकारी संस्थाहरूले गर्ने स्वास्थ्य सम्बन्धी शिविर तथा वातावरणीय सम्बन्धी कार्यक्रमहरूमा संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत रू. १४,८४,२६४/ बराबर खर्च गरेको छ भने उक्त रकमबाट बांकी रहेको रू. ३७,४७,४२६/ नेपाल सरकारले स्थापना गरेको कोरोना महामारी रोकथाम तथा उपचार कोषमा जम्मा गरीएको छ । यसरी भविष्यमा समेत सामाजिक उत्तरदायित्व कार्यहरूमा अझै निरन्तर रूपमा सहयोग जारी रहने छ ।

**(९) सञ्चालक समितिमा भएको हेरफेर :**

यस बिकास बैंकको नियममावलीमा भएको व्यवस्था बमोजिम संस्थापक शेयरधनीहरूको समूह "क" बाट ३ जना सर्वसाधारण शेयरधनीहरूको समूह, समूह "ख" बाट ३ जना र १ जना स्वतन्त्र सञ्चालक गरी कुल ७ सदस्यीय सञ्चालक समिति रहने ब्यवस्था छ । संस्थापक शेयरधनीहरूको तर्फबाट नियुक्त हुनु भएका संचालक श्री शान्त राज बतासले आफ्नो ब्यक्तिगत कारण दर्शाई संचालक समितिको पदबाट दिनु भएको राजीनामा संचालक समितिको मिति २०७६ श्रावण २६ गतेको २३४ औं बैठकले तथा सर्वसाधारण शेयरधनीहरूको तर्फबाट नियुक्त हुनु भएका सञ्चालक श्री सुमन कुमार श्रेष्ठ र श्री रविना शेरचनले आफ्नो ब्यक्तिगत कारण र्दशाई संचालक समितिको पदबाट दिनु भएको राजीनामा संचालक समितिको क्रमशः मिति २०७६ भाद्र २५ गतेको २३५ औं र मिति २०७६ माघ २८ गतेको २४२ औं बैठकले स्वीकृती गरी उक्त रिक्त स्थानहरूमा बाँकी अवधिका लागि संस्थापक शेयरधनीको तर्फबाट श्री नरेश मान तुलाधर मिति २०७६ पौष ९ गतेको २३९ औं बैठकबाट र श्री लिसा शेरचन मिति २०७६ माघ २८ गतेको २४२ औं बैठकबाट सञ्चालक समिति सदस्य पदमा नियुक्त हुनु भएको छ भने स्वतन्त्र सञ्चालक पदमा श्री राजुनाथ खनाल मिति २०७६ श्रावण २६ गतेको २३४ औं बैठकबाट आगामी ४ बर्षका लागि नियुक्त हुनु भएको छ । यसरी हाल विकास बैंकमा निम्न बमोजिम सञ्चालकहरू रहनु भएको छ ।

**विवरण :**

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | श्री अच्युत प्रसाद प्रसाई | अध्यक्ष (संस्थापक) | नेपालगंज -१३, बांके |
| २ | श्री सुशिल काजी बानियाँ | सञ्चालक (संस्थापक) | धुम्बराही -४, काठमाण्डौं |
| ३ | श्री नरेश मान तुलाधर | सञ्चालक (संस्थापक) | गणबहाल -२१, काठमाण्डौं |
| ४ | श्री गंगा सागर ढकाल | सञ्चालक (सर्वसाधारण) | आधिखोला -६, स्याङ्जा |
| ५ | श्री लिसा शेरचन | सञ्चालक (सर्वसाधारण) | टोखा-३, काठमाण्डौं |
| ६ | श्री राजुनाथ खनाल | स्वतन्त्र सञ्चालक | म्याग्दे -१, गुणादी, तनहुं |

**(१०) कारोवारलाई असर पार्ने मुख्य कुराहरू :**

विकास बैंकको कारोवारलाई असर पार्न मुख्य कुराहरू निम्नानुसार रहेका छन :

क) विश्व महामारीको रूपमा फैलिएको कोभिड -१९ को कारण समयमै कर्जा असुली तथा ब्याज भुक्तान हुन नसकी उत्पन्न हुने जोखिमहरू ।

ख) सूचना तथा प्रविधिको विकाससंगै बैंक तथा बित्तीय संस्थाहरूमा आर्थिक अपराधिक गतिविधीहरू बढ्दै गईरहेको कारण हुने जोखिमहरू ।

ग) राजनीतिक परिवर्तनका कारण उत्पन्न हुने जोखिमहरू ।

घ) पूंजी बजारमा आउने उतार चढावको कारण हुन सक्ने जोखिमहरू ।

ङ) बैंकिङ्ग क्षेत्रमा हुने अत्याधिक प्रतिस्पर्धाका कारण हुने जोखिमहरू ।

च) तरलतामा हुने उतार चढावका कारण निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तनले व्यवसाय बद्धिमा आउन सक्ने जोखिमहरू ।

छ) अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट नेपालको अर्थतन्त्रमा पर्ने जोखिमहरू ।

ज) राष्ट्रको आर्थिक, मौद्रिक तथा बित्तीय नीति परिवर्तनबाट हुन सक्ने संभावित जोखिमहरू ।

**(११) लेखा परीक्षण प्रतिबेदनका कैफियत उपर संचालक समितिको प्रतिक्रिया :**

विकास बैंकको नियमित कारोबारको सिलसिलामा हुने सामान्य कैफियत बाहेक अन्य विकास बैंकलाई असर पार्ने जोखिमपूर्ण गम्भिर प्रकृतिका कैफियतहरू लेखापरीक्षण प्रतिबेदनमा रहेका छैनन् । आन्तरिक तथा बाह्य लेखा परीक्षकहरूले औंल्याइएका कैफियतहरू प्रति संचालक समिति सचेत रहेको र उक्त सुझावहरूको बारेमा समितिमा छलफल गरी कैफियतहरूको सुधार गर्न व्यवस्थापनलाई निर्देशन दिई कैफियत र सुझाबहरूमा सुधार गरी सकिएको जानकारी गराउदछौं ।

**(१२) लाभांश बाँडफाँड :**

यस डेभलपमेन्ट बैंकको लेखापरीक्षकबाट लेखा परीक्षण भई प्राप्त प्रतिबेदन अनुसार आर्थिक बर्ष २०७६/७७ को नाफा वा नोक्सान हिसाब विवरणका आधारमा खुद मुनाफा रू. १९,१०,९७,८१३/७२ बाट साधारण जगेडा कोषमा २० प्रतिशतले हुने रकम रू. ३,८२,१९,५६२/७४ सारी तथा अन्य आवश्यक समायोजनहरू पश्चात बांकी रहेको रकमबाट सोह्रौं वार्षिक साधारणसभाको प्रयोजनार्थ यस डेभलपमेन्ट बैंकमा कायम हुन आएको रू २,६०,६६,४०,४००/- शेयर पूंजीको को ५.२६३२ प्रतिशत ले हुन आउने लाभांश मध्ये ५ प्रतिशतले हुन आउने बोनस शेयर वापत रू. १३,०३,३२,०२०/- (अक्षेरूपी तेह्र करोड तीन लाख बत्तीस हजार बीस मात्र) बराबरको बोनस शेयर तथा ०.२६३२ प्रतिशतले हुन आउने रकम रू. ६८,५९,५८०/- (अक्षेरूपी अठ्सठ्ठी लाख उनानसाठ्ठी हजार पांच सय असी मात्र) बराबरको नगद लाभांस (कर प्रयोजनको लागि) वितरण गर्ने प्रस्ताव यस सम्मानित साधारणसभा समक्ष गरेको छ ।

(१३) कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरणहरूलाई यसै प्रतिबेदनको अंगको रूपमा तल छुट्टै राखिएको छ ।

**कृतज्ञता**

यस विकास बैंकलाई निरन्तर रूपमा अटुट माया तथा विश्वास गर्दै आजको यस अवस्थासम्म ल्याई पुर्‍याउन निरन्तर सौहार्दपूर्ण वातावरणमा कारोवार गर्दै आउनु भएका आदरणीय ग्राहक महानुभावहरू प्रति हार्दिक कृतज्ञता जाहेर गर्दछु । बैंक संचालनको लागि हामीलाई गहनतम जिम्मेवारी दिनुको साथै यस विकास बैंकको उत्तरोत्तर प्रगति तथा सम्वृद्धिको लागि हामीलाई आफ्नो अमुल्य मार्गदर्शन, सुझाव, सल्लाह तथा परामर्श दिई निरन्तर अभिभावकको रूपमा सहयोग पुऱ्याउदै आउनु भएका आदरणीय सम्पूर्ण शेयरधनी महानुभावहरू, बैंकको उन्नति तथा प्रगतिमा निरन्तर रूपमा क्रियाशिल रहि ग्राहक सेवामा संलग्न सम्पूर्ण कर्मचारीहरू, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज लि.,सिडिएस एण्ड क्लियरिङ्ग लि., आन्तरिक तथा बाह्वय लेखापरीक्षक, बैंकको शेयर

रजिष्ट्रार लगायत यस विकास बैंकको प्रगतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउंदै आउनु भएका सम्पूर्ण निकाय एवं शुभेच्छुकहरूलाई बिशेष धन्यवाद दिन चाहन्छौ ।

अन्त्यमा यहाँहरूले निरन्तर रूपमा दिदै आउनु भएको साथ, सहयोग, आत्मीयता, न्यानो माया र विश्वास प्रति हार्दिक आभार प्रकट गर्दै भविष्यमा समेत निरन्तर रूपमा यहाँहरूको साथ र सहयोग पाईरहने विश्वास लिएका छौं । हामी यहाँहरूलाई उच्च स्तरीय सेवाको माध्यमबाट दिर्घकालिन र पारस्परिक सम्बन्ध र सहयोगको विस्तार गर्न प्रतिवद्ध रहेको कुरा बिश्वास दिलाउनु चाहन्छौ ।

धन्यवाद !

| | |
|---|---|
| ............................................ | ............................................ |
| गंगा सागर ढकाल | अच्यूत प्रसाद प्रसाई |
| संचालक | अध्यक्ष |

मिति : २०७७/१२/२३

# कम्पनी ऐन २०६३ को दफा १०९ को उपदफा ४ अनुसारको अतिरिक्त विवरण :

(क) **विगत बर्षको कारोवारको सिंहवलोकन** :सञ्चालक समितिको प्रतिबेदनमा विस्तृत रूपमा उल्लेख गरीएको छ ।

(ख) **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई कुनै असर परेको भए सो असर :**
सञ्चालक समितिको प्रतिबेदनमा विस्तृत रुपमा उल्लेख गरीएको छ ।

(ग) **प्रतिबेदन तयार भएको मितिसम्म चालु बर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :**
यस चालु आ.ब.को पौष मसान्तसम्म बैंकको कारोवारको स्थिति तथा भविष्यमा गर्नुपर्ने कामको सम्बन्धमा सञ्चालक समितिको धारणा समेत सञ्चालक समितिको प्रतिबेदनमा उल्लेख गरीएको छ ।

(घ) **कम्पनीको औद्योगिक वा ब्यवसायिक सम्बन्ध :**
सञ्चालक समितिको प्रतिबेदनको बुंदा नं.७ मा उल्लेख गरीएको छ ।

(ङ) **सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :**
यस सम्बन्धमा सञ्चालक समितिको प्रतिबेदनको बुंदा नं. ९ मा उल्लेख गरीएको छ ।

(च) **कारोवारलाई असर पार्ने कुराहरू :**
यस सम्बन्धमा सञ्चालक समितिको प्रतिबेदनको बुंदा नं. १० मा उल्लेख गरीएको छ ।

(छ) **लेखा परीक्षण प्रतिबेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया :**
यस सम्बन्धमा सञ्चालक समितिको प्रतिबेदनको बुंदा नं. ११ मा उल्लेख गरीएको छ । साथै आ.ब.२०७६/७७ को बित्तीय विवरण नेपाल राष्ट्र बैंकबाट स्वीकृत हुंदाका बखत दिईएका निर्देशनहरू यसै प्रतिबेदनमा समावेश गरीएको छ ।

(ज) **लाभाँश बाँडफाँड गर्न सिफारिस गरीएको रकम :**
यस सम्बन्धमा सञ्चालक समितिको प्रतिबेदनको बुंदा नं. १२ मा उल्लेख गरीएको छ ।

(झ) **शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मुल्य, त्यस्तो शेयर जफत हुन भन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्रि गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरवापत रकम फिर्ता गरेको भए सो को विवरण :**
यस विकास बैंकले यस आर्थिक बर्षमा कुनै पनि शेयर जफत गरेको छैन ।

(ञ) **विगत आर्थिक बर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक बर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**
यस विकास बैंकले विगत आ.व.मा गरेको कारोवारको प्रगतिको विवरण यसै प्रतिवेदनको विभिन्न शिर्षकमा प्रस्तुत गरीएको छ भने हालसम्म विकास बैंकको कुनै सहायक कम्पनी नरहेको ब्यहोरा अवगत गराउदछौ ।

(ट) **कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक बर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरू र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**
विकास बैंकको सहायक कम्पनी नरहेको/कर्जा लगानी तथा निक्षेप संकलन तथा विभिन्न वित्तिय सेवा प्रदान गर्ने नियमित कारोवारलाई यस बर्ष पनि निरन्तरता दिईयो । विकास बैंकले समीक्षा वर्षमा गरेका प्रमुख कारोबारहरू र कारोबारमा आएको परिवर्तन सम्बन्धमा वित्तीय विवरणमा प्रस्ट पारिएको छ ।

(ठ) **विगत आर्थिक बर्षमा कम्पनीको आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**
विकास बैंकको आधारभूत शेयरधनीहरूबाट बैंकलाई कुनैं त्यस्तो जानकारी उपलब्ध गराएको छैन ।

(ड) **विगत आर्थिक बर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्व विवरण र कम्पनीको शेयर कारोवारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूवाट कम्पनीले प्राप्त जानकारी**
विकास बैंकको शेयर कारोबारमा सञ्चालक तथा पदाधिकारीहरू संलग्न रहनु भएको जानकारी छैन । कर्मचारीहरूलाई छुट्टाइएको शेयर बाहेक पदाधिकारीहरूले यस कम्पनीको शेयर लिएका छैन्न् । विकास बैंकको संस्थापक शेयर सर्वसाधारण शेयरमा रूपान्तरणको कारणबाट सञ्चालकहरूको देहाय बमोजिम संस्थापक तथा सर्वसाधारण दुबै समुहको शेयर स्वामित्व रहेको छ ।

संचालक

| क.सं. | सञ्चालक | पद | प्रतिनिधित्व समुह | शेयर स्वामित्व | | |
|---|---|---|---|---|---|---|
| | | | | संस्थापक | सर्वसाधारण | जम्मा |
| १. | श्री अच्युत प्रसाद प्रसाई | अध्यक्ष | संस्थापक समुह | १,७३,९६५ | ६६,१६० | २,४०,१२५ |
| २. | श्री सुशिल काजी | सञ्चालक | संस्थापक समुह | २१,२२५ | ४,६७४ | २५,८९९ |
| ३. | श्री नरेश मान तुलाधर | सञ्चालक | संस्थापक समुह | ११,६१३ | ६,३२४ | १७,९३७ |
| ४. | श्री गंगा सागर ढकाल | सञ्चालक | सर्वसाधरण समुह | - | ३,१२२ | ३,१२२ |
| ५. | लिसा शेरचन | सञ्चालक | सर्वसाधरण समुह | - | १,००० | १,००० |
| ६. | श्री राजुनाथ खनाल | सञ्चालक | स्वतन्त्र | - | - | - |

(ढ) **विगत आर्थिक बर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको वारेमा उपलब्ध गराएको जानकारीको ब्यहोरा :**
आ. व. २०७६/७७ मा विकास बैंकसँग सम्बन्धित सम्झौताहरूमा संचालक तथा निजको नातेदारको व्यक्तिगत स्वार्थ नरहेको र हालसम्म त्यस्तो कुनै कारोवारको जानकारी प्राप्त भएको छैन ।

(ण) **कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरे वापत कम्पनीले भुक्तानी गरेको रकम :**
विकास बैंकले आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

(त) **आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**
यस सम्बन्धमा सञ्चालक समितिको प्रतिबेदनमा विस्तृत रूपमा उल्लेख गरीएको ।

(थ) **विगत आर्थिक बर्षको कुल व्यवस्थापन खर्चको विवरण :**
विगत आर्थिक बर्षको व्यवस्थापन खर्चको विवरणहरू यसै प्रतिवेदनको विभिन्न आर्थिक विवरणहरूमा उल्लेख गरीएको छ । यस वर्षको संचालन खर्च निम्न बमोजिम रहेको छ ।

| | |
|---|---|
| कर्मचारी खर्च | रू. ३३,६९,७७,०६३/- |
| कर्मचारी वोनस व्यवस्था | रू. २,९८,१२,१८२/- |
| अन्य संचालन खर्च | रू. २४,९७,२०,५७७/- |
| सम्पतीमा ह्रास कट्टी खर्च | रू. ७,७३,३७,१८१/- |
| **कुल** | **रू. ६९,३८,४७,००३/-** |

**(द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारीश्रमिक, भत्ता तथा सुबिधा र सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

१) लेखापरीक्षण समिति : सञ्चालक -श्री गंगा सागर ढकाल संयोजक
आन्तरिक लेखापरीक्षण विभाग प्रमुख -श्री प्रशान्त सुबेदी सदस्य सचिव

२) समितका सदस्य (सञ्चालक) लाई प्रति बैंठक भत्ता रू. ६,५००/ बाहेक अन्य कुनै पारिश्रमिक/सुविधा प्रदान गर्ने गरीएको छैन ।

३) आन्तरिक लेखापरीक्षणको कार्य योजना पारित गरी कार्यान्वयन गराउने र बैंकको नीति नियम तथा संचालन सम्बन्धि काम कारवाहीहरूको पुनरावलोकन गरी ब्यवस्थापन तथा सञ्चालक समितिलाई आवश्यक सुझावहरू दिएको छ । यसका साथै बाह्रय लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकले दिएको प्रतिबेदन उपर विस्तृत छलफल गरी सञ्चालक समितलाई आवश्यक सुझाव दिएको छ । आर्थिक बर्ष २०७६/७७ मा लेखापरीक्षण समितिको बैंठक जम्मा ७ पटक बसेको छ भने उक्त बैंठक भत्ता वापत जम्मा रू. ३३,०००/ भुक्तान गरीएको छ ।

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**
विकास बैंकका सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनीले विकास बैंकलाई कुनै रकम बुझाउन बाँकी छैन ।

**(न) संचालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरीएको पारिश्रमिक, भत्ता तथा सुबिधाको रकम :**

१) <u>संचालक समितिलाई प्रदान गरीएको भत्ता तथा सुविधाको विवरणः</u>

आ. व. २०७६/०७७ मा यस डेभलपमेन्ट बैंकका सञ्चालकहरूलाई सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत प्रति बैठक भत्ता रू. ५,०००/-(अध्यक्षको हकमा) तथा रू. ४,५००/-(अन्य सञ्चालकको हकमा) प्रदान गर्ने गरीएकोमा यस डेभलपमेन्ट बैंकको पन्ध्रौ बार्षिक साधारणसभाले यस बैंकका सञ्चालकहरूको पारिश्रमिक, भत्ता तथा सुविधामा बृद्धि गर्ने प्रस्ताव पारित गरीएकोमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७६/११/११ गतेको अभिलेख पत्रप्राप्त पश्चात प्रति बैठक भत्ता रू. ८,०००/- (अध्यक्षको हकमा) तथा रू. ७,०००/- (अन्य सञ्चालकको हकमा) प्रदान गरीएको छ । यसरी समीक्षा बर्षमा सञ्चालक समितिको बैंठक जम्मा १६ पटक बसेको छ भने सो बैंठक भत्ता वापत सञ्चालकहरूलाई रू. ४,८१,०००/- भुक्तान गरीएको छ । सञ्चालक समितिका सदस्य बाहेक अन्य पदाधिकारीहरूलाई उक्त भत्ता प्रदान गरीएको छैन ।

उपत्यका भन्दा बाहिरबाट समितिको बैठकमा भाग लिन आउनु हुने सञ्चालकहरूलाई दैनिक भ्रमण भत्ता वापत प्रति दिन रू. ३,०००/का दरले प्रदान गर्ने गरेको तथा पत्रपत्रिका तथा टेलिफोन खर्च वापत प्रति महिना प्रति सञ्चालक रू. १,५००/ प्रदान गर्ने गरीएको छ भने यातायात तथा अन्य खर्च बास्तबिक खर्चको आधारमा बिल शोधभर्ना गर्ने गरीएको छ । यसरी समिक्षा बर्ष २०७६/७७ मा सञ्चालक समितिका पदाधिकारीहरूलाई प्रदान गरीएको अन्य खर्च जम्मा रू. ४,४१,५०६/ रहेको छ ।

२) <u>कार्यकारी प्रमुख तथा अन्य पदाधिकारीहरूलाई भुक्तानी गरीएको तलव, भत्ता तथा सुविधाको विवरणः</u>

यस समिक्षा बर्षमा यस विकास बैंकको प्रमुख कार्यकारी अधिकृतमा श्री सुयोग श्रेष्ठ रहनु भएको र प्रमुख कार्यकारी अधिकृत तथा ब्यवस्थापनका अन्य पदाधिकारीहरूलाई निम्नानुसार तलब, भत्ता, दशैभत्ता, कर्मचारी संचयकोष योगदान, बिदा वापतको भुक्तानी तथा कर्मचारी बोनस प्रदान गरीएको छ ।

| क्र.सं. | सुविधा | प्रमुख कार्यकारी अधिकृत | व्यवस्थापनका अन्य पदाधिकारीहरू |
|---|---|---|---|
| १. | तलब | रू. ३७,८०,०००/- | रू. १,०२,४४,७१०/- |
| २. | सञ्चयकोष योगदान | रू. ३,७८,०००/- | रू. १०,२४,४७१/- |
| ३. | अन्य भत्ता | रू. ४१,१८,३७२/- | रू. १,२१,६५,८०५/- |
| ४. | प्रचलित व्यवस्था अनुसारको बिदा | - | रू. ३,८३,१६५/- |
| ५. | कर्मचारी बोनस (बोनस तथा कल्याणकारी कोष) | रू. १५,३४,७९३/- | रू. २३,१८,४००/- |
| | **जम्मा** | **रू. ९८,११,१६५/-** | **रू. २,६१,३६,५५१/-** |

उपरोक्त बाहेक औषधी उपचार खर्च, दुर्घना बीमा, मोबाईल खर्च, ईन्धन खर्च तथा सवारी साधन सुविधा बैंकको कर्मचारी विनियमावली बमोजिम प्रदान गरीएको छ ।

(प) **शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**
शेयरधनीहरूले २०७७ आषाढ मसान्तसम्ममा यस विकास बैंक र विकास बैंकको शेयर रजिष्ट्रार एनआइपिएल एस क्यापिटल लि.समेतमा गरी बुझिलिन बाँकी रहेको लाभांश रकम निम्न विवरण बमोजिम रहेको छ :

| आर्थिक बर्ष | बुझिलिन बाँकी रहेको लाभांश रकम रू. (कर कट्टी अघि) |
|---|---|
| २०६७/०६८ | ६५८,९२०/०० |
| २०६८/०६९ | १,२६९,८८४/०० |
| २०६९/७० | २,७७१,७९०/३२ |
| २०७०/७१ | २,१७७,४९०/६४ |
| २०७३/७४ | १३,८०६,७२५/५१ |
| २०७४/७५ | ९,१३५,३२१/१० |
| २०७५/७६ | १७,८४९,१५३/८६ |
| **जम्मा** | **४७,६६९,२८५/४३** |

(फ) **दफा १४१ बमोजिम सम्पत्ति खरीद वा विक्री गरेको कुराको विवरण :**
समीक्षा अवधिमा विकास बैंकलाई आवश्यक पर्ने सम्पत्तीहरू खरिद तथा बिक्रिको विवरण संलग्न वित्तीय विवरणको अनुसुचि ४.१३ र ४.१४ मा उल्लेख गरीएको छ ।

(ब). **दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोवारको विवरण :**
केही नभएको ।

(भ) **यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिबेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**
केही नभएको ।

(म). अन्य आवश्यक कुराहरू :

(१) **पूँजीकोषको पर्याप्तता :**
नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमको पूँजी कोषको गणना गर्दा जोखिम भारित सम्पत्तिको १२.९३% पूँजी कायम रहेको छ जुन आवश्यक १०% भन्दा २.९३% अधिक हो ।

**(२) लेखा परिक्षकको नियुक्ति र प्रतिबेदन :**

विकास बैंकको आ.व. २०७६/०७७ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षण समितिको सिफारिशमा यस विकास बैंकको २०७५/७६ को बार्षिक साधारणसभाले श्री श्याम कार्की एण्ड कम्पनीलाई बाह्य लेखा परीक्षकमा रू. ७,४५,८००/ (भ्याट सहित) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्त गरेको थियो । यसरी उक्त लेखापरीक्षकले विकास बैंकको हिसाब किताबको लेखापरीक्षण गरी दिनु भएको प्रतिबेदन माथि लेखा परीक्षण समितिमा छलफल समीक्षा गरी दिएको प्रतिबेदन उपर सञ्चालक समितिमा छलफल भई प्रतिबेदनमा औंल्याईएका सामान्य कैफियतहरू र सुझाबहरूको सम्बन्धमा सुधार गर्न व्यवस्थापनलाई निर्देशन दिइएको छ ।

**(३) मानव संशाधन**

आ.ब.२०७६/०७७ को आषाढ मसान्तमा यस विकास बैंकमा जम्मा ६७४ जना (स्थायी तथा प्रशिक्षार्थी समेत) कर्मचारीहरूलाई रोजगारी दिन सफल भएको छ । अन्य सहयोगी कर्मचारी बाह्य श्रोतबाट आपूर्ति गर्ने गरीएको छ ।

**(४) राजश्वमा योगदान**

आ.ब. २०७६/७७ मा यस विकास बैंकले नेपाल सरकारलाई कर्पोरेट करको रूपमा रू. ७,९६,३६,०४५/- तिरेर देशको विकासमा योगदान दिएको छ ।

**(५) बाँडफाँड भएको शेयर संख्या, बाँडफाँड भएको शेयरमध्ये चुक्ता भएको र नभएको शेयरको संख्या :**

नभएको ।

**(६) विकास बैंकको चुक्ता पूँजीको पाँच प्रतिशत वा सो भन्दा बढी शेयर खरिद गरी लिने ब्यक्ति वा संगठित संस्था :**

कोही छैन ।

**(७) यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुनै कुराको विवरण**

आवश्यक कुराहरू यसै प्रतिवेदनमा माथि उल्लेख गरी सकिएको छ ।

**(८) यस विकास बैंकले प्रचलित कम्पनी ऐन तथा प्रचलित कानूनको पालना पूर्ण रूपमा गरेको छ ।**

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उप नियम (२) संग सम्बन्धीत विवरण :

१.) **सञ्चालक समितिको प्रतिबेदन :**
यसै बार्षिक प्रतिवेदनमा संलग्न गरीएको ।

२.) **लेखापरीक्षकको प्रतिवेदन :**
यसै बार्षिक प्रतिवेदनमा संलग्न गरीएको ।

३.) **लेखापरीक्षण भएको वित्तीय विवरण :**
यसै बार्षिक प्रतिवेदनमा संलग्न गरीएको ।

४.) **कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) त्रैमासिक अवधिमा संगठीत संस्थाले वा संस्थाको बिरूद्धमा कुनै मुद्दा दायर भएको भए,
कारोवारको सन्दर्भमा पर्ने नियमित प्रकृतिका मुद्दा बाहेक त्रैमासिक अबधिमा विकास बैंकले वा यस विकास बैंकको विरूद्ध कुनै मुद्दा दायर नभएको ।

(ख) संगठीत संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको बिरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए,
यस सम्बन्धमा कम्पनीलाई कुनै जानकारी प्राप्त नभएको ।

(ग) कुनै सञ्चालक वा संस्थापक बिरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,
यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

५.) **संगठीत संस्थाको शेयर कारोवार तथा प्रगतिको बिश्लेषण :**

(क) धितोपत्र बजारमा भएको संगठीत संस्थाको शेयर कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणा,
खुल्ला बजारले प्रतिपादित गरेको मुल्य तथा मान्यता अनुरूप शेयर कारोवारमा हुने उतार चढावलाई विकास बैंकले सामान्य रूपले लिएको छ । यस्तो उतार चढावको अवस्थामा पनि बैंकको शेयर कारोवार सन्तोषजनक रहेको छ ।

(ख) आ.ब. ०७६/०७७ को प्रत्येक त्रैमासिक अवधिमा संगठीत संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मुल्यका साथै कुल कारोवार शेयर संख्या र कुल कारोवार दिन देहाय बमोजिम रहेको छ ।

| विवरण | २०७६ आश्विन मसान्त | २०७६ पौष मसान्त | २०७६ चैत मसान्त | २०७७ आषाढ मसान्त |
|---|---|---|---|---|
| अधिकतम मूल्य रू. | १६१/- | १५३/- | १८८/- | १४७/- |
| न्यूनतम मूल्य रू. | १३७/- | १३२/- | १४२/- | १३७/- |
| अन्तिम मूल्य रू. | १३९/- | १४४/- | १४३/- | १४१/- |
| कुल कारोवार शेयर संख्या | ५९१ | ८३० | २,५१८ | १७५ |
| कुल कारोवार दिन | ६३ | ४२ | ४६ | १४ |

**६.) समस्या तथा चुनौती :**

**(क) आन्तरिक समस्या तथा चुनौती :**

- बैंक तथा बित्तीय संस्थाहरू शाखा विस्तारमा लागेका कारण दक्ष जनशक्ति ब्यवस्थापनको चुनौती ।
- संचालन खर्च बढ्नुको साथै संचालन जोखिम ब्यवस्थापन गर्न चुनौती ।
- समयमा कर्जा असुली हुन नसकी निष्कृय कर्जामा बृद्धि हुन सक्ने चुनौती ।
- ब्याजदरमा हुने परिवर्तन तथा सोको ब्यवस्थापनमा चुनौती ।

**(ख) बाह्रय समस्या तथा चुनौती :**

- विश्व महामारीको रूपमा फैलिएको कोभिड -१९ को कारण समयमै कर्जा असुली तथा ब्याज भुक्तान हुन नसकी निष्कृय कर्जा बढ्न सक्ने चुनौती ।
- पूंजी बजारमा आउने उतार चढावको कारण बैंकको मुनाफा चुनौती
- राजनीतिक परिवर्तनका कारण बैंकिङ्ग ब्यवसायमा पर्न जाने असर ।
- अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट नेपालको अर्थतन्त्रमा हुन सक्ने असहरू ।

समस्या र चुनौतीको समाधान गर्न ब्यवस्थापनले अवलम्बन गरेको रणनीति :

- बैंकले आफ्नो कारोवारमा बृद्धि गर्न शाखाहरू विस्तार गरी बैंकको ब्यवसाय बृद्धि गर्ने रणनीति रहेको ।
- बैंकले आधुनिक नयाँ नयाँ प्रविधिहरूको प्रयोग गर्दै आईरहेको र उक्त प्रयोगसंगै देखिएका विभिन्न चुनौतिहरूको सामना गर्न बैंक ब्यवस्थापन सजग रहदैं सोको सुरक्षाको लागि उपायहरू अवलम्बन गर्दै जाने रणनीति रहेको ।
- दक्ष जनशक्ति विकासका निम्ति कर्मचारीहरूलाई समय सापेक्ष आन्तरिक तथा बाह्रय तालिम प्रदान गरीने र उनीहरूलाई दिर्घकालिन रूपमा कायम राख्न समय सापेक्ष सुविधाहरू प्रदान गर्दै जाने ।
- तरलताको कारणले हुने जोखिम न्यूनीकरण गर्न ब्याजरदरमा समसामयिक रूपमा समायोजन गरीएको ।
- मुनाफामा असर पर्न नदिने अभिप्रायका साथ कर्जामा विविधिकरणको साथै गैह्र आम्दानीको बृद्धिमा ब्यवस्थापनको ध्यान केन्द्रीत रहेको ।
- बैंकको समग्र जोखिम ब्यवस्थापनको आधारभूत पक्षहरूलाई मजबुत बनाई उल्लेखित चुनौतिको समाधान गर्ने र बैंकको आन्तरिक कार्य प्रणालीमा खर्च मितव्ययिता अपनाई निर्धारित लक्ष्य प्राप्त गर्ने रणनीति अवलम्बन गरेको छ ।

**७.) संस्थागत सुशासनसंग सम्बन्धीत विवरण संचालक समितिको बार्षिक प्रतिवेदनको बुंदा नं. ६ मा उल्लेख गरीएको छ ।**

**८.) धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ अनुसार विवरणपत्रमा प्रक्षेपण गरीएका विवरणहरू मध्ये २० प्रतिशत वा सो भन्दा बढिले फरक परेका विवरणहरू :**
यसै प्रतिबदेनमा संलग्न रहेको ।

**९.) नियम २६ को उपनियम (५) संग सम्बन्धित बिशेष घटना वा परिस्थिति सम्बन्धी विवरण :**
यस सम्बन्धमा संचालक समितिको प्रतिबेदन तथा संस्थागत सुशासन सम्बन्धी बार्षिक अनुपालना प्रतिबेदनमा उल्लेख गरीएको ।

# बिगत ५ आर्थिक बर्षको बिभिन्न सूचाङ्कहरू :






बिभिन्न आर्थिक बर्षको प्रति शेयर आम्दानी रकम रू.




बिभिन्न आर्थिक बर्षको निष्कृय कर्जा अनुपात प्रतिशत




बिभिन्न आर्थिक बर्षको कर्मचारी संख्या



Shyam Karki & Co.
Chartered Accountants

SAMEEP BHAWAN
Baneshwor - 10, Kathmandu
Phone No 4460357
E-mail skarkinco@gmail.com
VAT No 300844692

# INDEPENDENT AUDITOR'S REPORT
# TO THE SHAREHOLDERS OF SHANGRI-LA DEVELOPMENT BANK LIMITED

**Opinion**

We have audited the accompanying financial statements of Shangri-la Development Bank Ltd, which comprise statement of financial position as at Ashad 31, 2077 (July 15, 2020) and statement of profit or loss, statement of comprehensive income, statement of changes in equity and statement of cash flows for the year then ended and a summary of significant accounting policies and notes to the financial statements.

In our opinion, the accompanying financial statements give a true and fair view of the financial position of the development bank as at Ashad 31, 2077, its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs).

**Basis for Opinion**

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the audit of the Financial Statements section of our report. We are independent of the development bank and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of the Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Key Audit Matters**

Key audit matters are matters based on our judgment, are of most significance in the audit of the financial statements of the current period, which were addressed in the context of the audit of the financial statements as a whole, and in forming our opinion thereon. We do not provide separate opinion on these matters.

The results of our audit procedures, including the procedures performed to address the matters below, provides the basis for our audit opinion on the accompanying financial statements.

Following are the Key audit matters:

| S.No. | Key Audit Matters | How the matters were addressed in our audit |
|---|---|---|
| 1. | **Covid 19 Impact**<br>Ref. Note no. 3.21 and accounting policies to the financial statements. | |
| | Long period of lock down due to Covid 19 has impacted operational revenue as well as profitability of the Development Bank. Further, the circulars issued by NRB for granting interest discount, rebate on interest rate as well as relaxation on repayment of loan to Covid impacted borrowers has also significantly impacted financial performance of the development Bank, accordingly we considered this as key | We applied following procedures in respect of Covid 19 impact verification:<br>➢ Verification of interest discount provided to the borrowers who has paid interest before specified date on sampling basis.<br>➢ Verification of rebate of interest in the IT system on sampling basis.<br>➢ Verification of additional loan loss provision |

Shyam Karki & Co. Kathmandu Nepal Chartered Accountants

| | | |
|---|---|---|
| | audit matter. | required as per NRB circulars for those borrowers who were categorized as pass loan on Poush end 2076 and categorized differently at the end of financial year due to overdue of interest and installment of loan. |
| 2. | **Loan Loss Provision**<br>Ref. Note no. 4.7 and accounting policies to the financial statements. | |
| | The Bank's advances to the customers represent 69.71 % of its total assets at the end of period under review and are stated at Rs. 22.93 billion which is net of provision of Rs. 525.60million. The provision against advances was identified as a key audit matter as it involves a considerable degree of management judgment and compliance with Directives and Circulars issued by Nepal Rastra Bank. | We applied following procedures in respect of loan loss provision verification:<br>➢ Review of borrower's files, which includes evaluation of borrowers' repayment behavior, assessment of financial strength based on the available financial statements, adequacy of security / collateral, obtainment of required legal documents, CIC reports, and compliance with prudential regulations.<br>➢ Business sites visit of the borrowers on sampling basis.<br>➢ Review of IT system to provide loan loss provision based on overdue payments.<br>➢ On sampling basis, verification of accuracy of provision against non-performing loan calculated by the IT system and manual calculation on sampling basis.<br>➢ Evaluation of appropriateness of subjective judgement made by the management for performing loans' borrowers.<br>➢ Review of Board's evaluation and decisions on loans. |

**Other Information**

Management is responsible for other information. The other information comprises the information included in the Annual Report and Report of Board of Directors, but not included in the financial statements and our auditor's report thereon.

Our opinion on the financial statements does not cover other information and we do not express any form of assurance conclusion thereon.

**Responsibilities of the Management and Those Charged with Governance for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financial Reporting Standards (NFRSs) and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

Kathmandu Nepal Chartered Accountants

In preparing the financial statements, management is responsible for assessing the development bank's ability to continue as a going concern, disclosing as applicable matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the company or to cease operations or has no realistic alternative but to do so, those charged with governance are responsible for overseeing the development bank's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**
Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a certain level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the development bank's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the development bank's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the development bank to cease to continue as a going concern.

We communicated with those charged with governance regarding among other matters, the planned scope and timing of the audit and significant audit findings including any significant deficiencies in internal control that we identify during our audit.

**Report on Other Legal and Regulatory Requirements**
On the basis of our examination, we further report that:

1) We have obtained satisfactory information and explanations asked for, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.

Kathmandu Nepal
Chartered Accountants

2) The financial statements which include Statement of Financial Position as at Ashad 31, 2077, the Statement of Profit or Loss, Statement of Cash Flows, Statement of Changes in Equity for the year then ended, a summary of significant accounting policies and other explanatory information are prepared as per the procedure and format prescribed by Nepal Rastra Bank and in agreement with the books of accounts maintained by the Company and proper books of account as required by the law have been kept.

3) The capital fund, risk bearing fund and the provision for possible impairment of assets of the Bank are adequate as per the Directives issued by Nepal Rastra Bank.

4) The returns received from the branch offices of the Company, though the statements are independently not audited, were adequate for the purpose of the audit.

5) We did not come across cases of accounting related fraud and the cases where the board of directors or any director or any office bearer of the Company has acted contrary to the provisions of law or caused loss or damage to the Company or committed any misappropriation of the funds of Company.

6) To the best of our information and according to the explanations given to us, in the course of our audit, we observed that the loans have been written off as specified; the business of the Company was conducted satisfactorily, and the Company's transactions were found to be within the scope of its authority.

We have separately issued Preliminary Audit Report for the matters related to observation in control systems that came to our notice during the statutory audit with responses received from Board of Directors of Shangri-la Development Bank Limited.

Shyam Karki & Co. Kathmandu Nepal Chartered Accountants

CA.ShyamKarki
Proprietor
ShyamKarki& Co.
Date: 2077.11.16
Old Baneshwor, Kathmandu
UDIN No.: 210228CA00124vIC9O

# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड

## वित्तीय अवस्थाको विवरण

## २०७७ साल आषाढ मसान्त

(रकम रू.मा)

| विवरण | नोट | यस आ.व. (३१ आषाढ २०७७) | गत आ.व. (३१ आषाढ २०७६) |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ४.१ | ३,८२८,५९५,१०८.२७ | ३,८७६,१४१,३९९.२३ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.२ | १,४२६,५९७,७०४.४९ | ८३२,०८३,२४१.४० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.३ | ५,६१०,०१२.४५ | २,५१५,२८०.०० |
| व्युत्पन्न वित्तीय उपकरण | ४.४ | - | - |
| अन्य व्यापारिक सम्पत्तिहरू | ४.५ | - | - |
| बैंक तथा वित्तीय संस्थालाई कर्जा तथा सापट | ४.६ | ९३१,०९५,८६४.२७ | ४२९,९५०,५३०.५४ |
| ग्राहकलाई कर्जा सापटी | ४.७ | २२,९३४,३९७,५७३.०१ | १९,००६,५७५,७२०.४७ |
| सुरक्षणपत्रमा लगानी | ४.८ | ३,१७८,७१५,२९४.५२ | १,५८२,५७०,९५९.७२ |
| चालु आ.व. को कर सम्पत्ति | ४.९ | २९,८१६,४१७.२९ | - |
| सहायक कम्पनीमा लगानी | ४.१० | | - |
| सम्बद्ध कम्पनीमा लगानी | ४.११ | - | १०,०००,०००.०० |
| सम्पत्तिमा लगानी | ४.१२ | - | - |
| सम्पत्ति तथा उपकरण | ४.१३ | ४१२,८९६,१२६.८२ | ४२७,७००,१४६.९५ |
| ख्याति तथा अमुर्त सम्पत्ति | ४.१४ | ५,१७२,४०७.५२ | ७,११०,३८७.४१ |
| स्थगन कर सम्पत्ति | ४.१५ | २८,४३२,७३२.८६ | ३१,७१६,४९५.०६ |
| अन्य सम्पत्तिहरू | ४.१६ | ११७,००४,८४५.६६ | ७७,२८७,८३७.८७ |
| | | | |
| **जम्मा सम्पत्तिहरू** | | **३२,८९८,३३४,०८७.१६** | **२६,२८३,६५१,९९८.६७** |
| **दायित्वहरू** | | | |
| बैंक तथा वित्तिय संस्थालाई तिर्न वाँकी | ४.१७ | १,१२०,७३०,५९३.७६ | ३,१४६,६९१,५८७.९९ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ४.१८ | १,३२७,८४४.८३ | ३,७३९,५८९.८१ |
| व्युत्पन्न वित्तीय उपकरण | ४.१९ | - | - |
| ग्राहकबाट निक्षेप | ४.२० | २८,१३२,६९६,८४८.९१ | १९,४२३,८३३,४४८.६८ |
| तिर्न वाँकी सापटी | ४.२१ | | |
| यस आ.व. को कर दायित्व | ४.९ | | १५,१७६,०८६.१७ |
| व्यवस्थाहरू | ४.२२ | - | - |
| स्थगन कर दायित्व | ४.१५ | | |
| अन्य दायित्वहरू | ४.२३ | ३३७,५४२,४७०.६८ | ३५९,०५४,११०.१४ |
| जारी गरिएको ऋण पत्र | ४.२४ | - | |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | ४.२५ | - | - |
| **जम्मा दायित्वहरू** | | **२९,५९२,२९७,७५८.१८** | **२२,९४८,४९४,८२२.७९** |

| विवरण | नोट | यस आ.व. (३१ आषाढ २०७७) | गत आ.व. (३१ आषाढ २०७६) |
|---|---|---|---|
| **इक्विटी** | | | |
| सेयर पूँजी | ४.२६ | २,६०६,६४०,४००.०० | २,६०६,६४०,४००.०० |
| सेयर प्रिमियम | | | |
| संचित मुनाफा | | १५३,४९३,२५५.९४ | २३३,५३७,२९६.९६ |
| जगेडा कोष | ४.२७ | ५४५,९०२,६७३.०४ | ४९४,९७९,४७८.९२ |
| **शेयर धनीहरूलाई बाँडफाँड योग्य पूँजी** | | ३,३०६,०३६,३२८.९८ | ३,३३५,१५७,१७५.८८ |
| **गैर नियन्त्रण स्वार्थ** | | - | - |
| **कुल पूँजी** | | **३,३०६,०३६,३२८.९८** | **३,३३५,१५७,१७५.८८** |
| | | | |
| **कुल दायित्व तथा पूँजी** | | **३२,८९८,३३४,०८७.१६** | **२६,२८३,६५१,९९८.६७** |
| सम्भावित दायित्व र प्रतिबद्धता | ४.२८ | १,५४७,६२५,३०५.१९ | १,१६३,४०६,९७६.०० |
| प्रति सेयर खुद सम्पत्ति मुल्य | | १२६.८३ | १२७.९५ |

"हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा "

| | | | |
|---|---|---|---|
| तेज बहादुर ठकुल्ला<br>बित्त तथा लेखा विभाग प्रमुख | सुयोग श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | राजुनाथ खनाल<br>सञ्चालक | लिसा शेरचन<br>सञ्चालक |

| | | | | |
|---|---|---|---|---|
| गंगा सागर ढकाल<br>सञ्चालक | नरेश मान तुलाधर<br>सञ्चालक | सुशिल काजी बानियां<br>सञ्चालक | अच्युत प्रसाद प्रसाई<br>अध्यक्ष | श्याम कार्की<br>श्याम कार्की एण्ड कम्पनी<br>चार्टड एकाउण्टेन्ट्स |

मिति : २०७७/११/१६
स्थान : बालुवाटार, काठमाण्डौं

# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड

## नाफा वा नोक्सान विवरण

## २०७६ श्रावण १ गतेदेखि २०७७ आषाढ मसान्तसम्मको

(रकम रू.मा)

| विवरण | नोट | आ.व. २०७६/७७ | आ.व. २०७५/७६ |
|---|---|---|---|
| व्याज आम्दानी | ४.२९ | ३,१३५,०५१,४६८.३१ | २,५८५,८४८,०८८.५६ |
| व्याज खर्च | ४.३० | (२,०८४,७५२,७४९.१४) | (१,५९२,२३८,८१२.८९) |
| **खुद व्याज आम्दानी** | | **१,०५०,२९८,७१९.१७** | **९९३,६०९,२७५.६७** |
| शुल्क तथा कमिशन आम्दानी | ४.३१ | १६६,७८६,०१०.८६ | १८२,८२६,४३६.४९ |
| शुल्क तथा कमिशन खर्च | ४.३२ | ३,५६२,६९५.२८ | ३,९६८,३१९.७९ |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | | **१६३,२२३,३१५.५८** | **१७८,८५८,११६.७०** |
| **खुद व्याज, शुल्क तथा कमिशन आम्दानी** | | **१,२१३,५२२,०३४.७५** | **१,१७२,४६७,३९२.३७** |
| खुद व्यापारिक आम्दानी | ४.३३ | – | – |
| अन्य संचालन आम्दानी | ४.३४ | ७,५३०,७३४.२५ | ७०८,८०६.५५ |
| **कुल संचालन आम्दानी** | | **१,२२१,०५२,७६९.००** | **१,१७३,१७६,१९८.९२** |
| कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | ४.३५ | २५९,४८१,१२७.०१ | ९,१६९,९७७.१३ |
| **खुद संचालन आम्दानी** | | **९६१,५७१,६४२.००** | **१,१६४,००६,२२१.७९** |
| **संचालन खर्च** | | | |
| कर्मचारी खर्च | ४.३६ | ३६६,७८९,२४४.९५ | ३५८,६६२,८७३.०८ |
| अन्य संचालन खर्च | ४.३७ | २४९,७२०,५७६.८४ | २४९,५६४,६६०.१८ |
| ह्रासकट्टि र परिशोधन | ४.३८ | ७७,३३७,१८०.६४ | ६५,०१०,६५९.०५ |
| **संचालन नाफा** | | **२६७,७२४,६३९.५६** | **४९०,७६८,०२९.४७** |
| गैर संचालन आम्दानी | ४.३९ | १,८८२,७१३.२६ | ९९,३७७.५० |
| गैर संचालन खर्च | ४.४० | (१,२९७,७१८.९८) | (१,७८५,५५५.४४) |
| **आयकर अघिको नाफा** | | **२६८,३०९,६३३.८४** | **४८९,०८१,८५१.५३** |
| आयकर खर्च | ४.४१ | ७७,२११,८२०.१२ | १४७,२६२,५००.४५ |
| चालु आयकर | | ७९,६३६,०४५.१५ | १७३,९३८,३६९.३६ |
| स्थगन कर आम्दानी/खर्च | | (२,४२४,२२५.०३) | (२६,६७५,८६८.९२) |
| **यस वर्षको नाफा** | | **१९१,०९७,८१३.७२** | **३४१,८१९,३५१.०९** |

| विवरण | नोट | आ.व. २०७६/७७ | आ.व. २०७५/७६ |
|---|---|---|---|
| खुद नाफा/(नोक्सान)मा हिस्साः | | | |
| बैंकको शेयरधनी | | १९१,०९७,८१३.७२ | ३४१,८१९,३५१.०९ |
| गैर नियन्त्रित स्वार्थ | | – | – |
| **यस वर्षको मुनाफा** | | **१९१,०९७,८१३.७२** | **३४१,८१९,३५१.०९** |

| | | | |
|---|---|---|---|
| **प्रति सेयर आम्दानी** | | | |
| प्रति सेयर आधारभूत आम्दानी | | ७.३३ | १३.११ |
| प्रति सेयर डाइलुटेड आम्दानी | | ७.३३ | १३.११ |

"हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा "

तेज बहादुर ठकुल्ला
बित्त तथा लेखा विभाग प्रमुख

सुयोग श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

राजुनाथ खनाल
सञ्चालक

लिसा शेरचन
सञ्चालक

श्याम कार्की
श्याम कार्की एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेन्ट्स

गंगा सागर ढकाल
सञ्चालक

नरेश मान तुलाधर
सञ्चालक

सुशिल काजी बानियां
सञ्चालक

अच्युत प्रसाद प्रसाई
अध्यक्ष

मिति : २०७७/११/१६
स्थान : बालुवाटार, काठमाण्डौं

# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड
## अन्य विस्तृत आम्दानीको विवरण
## २०७६ श्रावण १ गतेदेखि २०७७ आषाढ मसान्तसम्मको

(रकम रू.मा)

| विवरण | आ.व. २०७६/७७ | आ.व. २०७५/७६ |
|---|---|---|
| **यस वर्षको नाफा** | १९१,०९७,८१४ | ३४१,८१९,३५१ |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | |
| **क) नाफा/(नोक्सान) मा पुनःवर्गिकरण नगरिने वुँदाहरू** | | |
| फेयर भ्याल्यूमा मूल्याङ्कन गरिएका इक्विटी उपकरणको लगानीबाट भएका नाफा/(नोक्सान) | १९,०२६,६२४ | (१,३८०,९१७) |
| पुर्नमुल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | | |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | (५,७०७,९८७) | ४१४,२७५ |
| **नाफा/(नोक्सान) मा पुनः वर्गीकरण नगरिने अन्य खुद विस्तृत आम्दानी** | **१३,३१८,६३७** | **(९६६,६४२)** |
| **ख) नाफा/(नोक्सान)मा पुनःवर्गीकरण गरिएका वा गर्न सकिने वुँदाहरू** | | |
| नगद प्रवाहको हेजिङ्गबाट गरिएको नाफा/(नोक्सान) | | |
| विदेशी विनिमय संचालनको वित्तिय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | | |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | | |
| नाफा/(नोक्सान) को पुन वर्गीकरण | | |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न सकिने अन्य खुद विस्तृत आम्दानी** | - | - |
| **ग) इक्विटी तरिकाबाट लेखांकन गरिएको सम्बद्ध संस्थाको अन्य विस्तृत आम्दानीमा हिस्सा** | | |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | **१३,३१८,६३७** | **(९६६,६४२)** |
| **कुल विस्तृत आम्दानी** | **२०४,४१६,४५१** | **३४०,८५२,७०९** |
| **कुल विस्तृत आम्दानीको वाँडफाँड** | - | - |
| बैंकको इक्विटी शेयरधनी | २०४,४१६,४५१ | ३४०,८५२,७०९ |
| गैर नियन्त्रित स्वार्थ | - | - |
| **यस वर्षको जम्मा विस्तृत आम्दानी** | **२०४,४१६,४५०.५८** | **३४०,८५२,७०९** |

"हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा "

| | | | | |
|---|---|---|---|---|
| तेज बहादुर ठकुल्ला<br>बित्त तथा लेखा विभाग प्रमुख | सुयोग श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | राजुनाथ खनाल<br>सञ्चालक | लिसा शेरचन<br>सञ्चालक | |
| गंगा सागर ढकाल<br>सञ्चालक | नरेश मान तुलाधर<br>सञ्चालक | सुशिल काजी बानियां<br>सञ्चालक | अच्युत प्रसाद प्रसाई<br>अध्यक्ष | श्याम कार्की<br>श्याम कार्की एण्ड कम्पनी<br>चार्टड एकाउण्टेन्ट्स |

मिति : २०७७/११/१६
स्थान : बालुवाटार, काठमाण्डौं

# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड

## नगद प्रवाह विवरण

## २०७७ साल आषाढ मसान्त

(रकम रू.मा)

| विवरण | आ.व. २०७६/७७ | आ.व. २०७५/७६ |
|---|---|---|
| **कारोवार संचालनबाट नगद प्रवाह** | | |
| व्याज आम्दानी | २,९८५,८४०,५४८.९८ | २,५५८,७७२,८०६.३६ |
| शुल्क तथा अन्य आम्दानी | १६९,७१०,३४३.४३ | १८२,४८४,५३८.८७ |
| लाभांश आम्दानी | ३,८४८,९६५.७३ | १,०२६,९३१.३७ |
| अन्य संचालन आम्दानी | | - |
| व्याज खर्च भुक्तानी | (२,१०२,२५४,१८६.६०) | (१,६१९,४२६,६००.४०) |
| कमिशन तथा शुल्क खर्च | (३,५६२,६९५.२८) | (३,९६८,३१९.७९) |
| कर्मचारीलाई भुक्तानी | (३८५,५७९,३७१.३३) | (३२३,३१९,७७५.४५) |
| अन्य खर्च | (२३३,७९६,९३५.७४) | (२४२,६३१,३०४.२७) |
| **संचालन सम्पत्ती र दायित्वको गतिविधी अधिको संचालन नगद प्रवाह** | **४३४,२०६,६६९.१९** | **५५२,९३८,२७६.६९** |
| **संचालन सम्पत्तिमा कमि/(वृद्धि)** | **(५,१७८,९९९,०७४.००)** | **(४,७९७,४४६,७८३.८६)** |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | (५९४,५१४,४६३.०९) | (१३,४३२,३९२.४०) |
| बैंक तथा वित्तिय संस्थाहरूमा रहेको मौज्दात | (३,०९४,७३२.४५) | (२,५१५,२८०.००) |
| अन्य व्यापारिक सम्पत्ति | - | - |
| बैंक तथा वित्तिय संस्थाहरूलाई दिइएको कर्जा तथा सापटी | (५०६,२०७,४०७.८१) | (२५५,७४६,२७९.३५) |
| ग्राहकलाई दिइएको कर्जा तथा सपटी | (४,०३५,४६५,४६०.६८) | (४,५९२,५१७,०२०.१५) |
| अन्य सम्पत्ति | (३९,७१७,००९.९७) | ६६,७६४,१८८.०४ |
| **संचालन दायित्वमा (कमि)/वृद्धि** | **६,६८०,४९०,६६१.०२** | **४,७८३,५३३,६८७.४८** |
| बैंक तथा वित्तिय संस्थाहरूलाई तिर्न वाँकी रकम | (२,०२५,९६०,९९४.२३) | ९२२,४३२,२५९.९९ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न वाँकी रकम | (२,४११,७४४.९८) | १,२३९,५८९.८१ |
| निक्षेप दायित्व | ८,७०८,८६३,४००.२३ | ३,८५९,८६१,८३७.६८ |
| तिर्न वाँकी कर्जा | - | - |
| अन्य दायित्व | | |
| **आयकर अधिको संचालन गतिविधीबाट खुद नगद प्रवाह** | **१,९३५,६९८,२५६.२१** | **५३९,०२५,१८०.३१** |
| आयकर भुक्तानी | (१२४,६२८,५४८.६०) | (१२७,०८९,७०२.९५) |
| **संचालन गतिविधीबाट खुद नगद प्रवाह** | **१,८११,०६९,७०७.६१** | **४११,९३५,४७७.३६** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | |
| सुरक्षणपत्र लगानी खरिद | (१,५६७,११७,७१०.७२) | (८४४,६८३,५०८.९९) |
| धितोपत्र लगानी विक्रिबाट प्राप्ति | - | - |
| स्थिर सम्पत्तिको खरिद | (६०,८७३,७५८.७९) | (२८१,४९०,१७८.६२) |
| स्थिर सम्पत्तिको विक्रिबाट प्राप्ति | २,९१२,७६७.९० | ६०२,८२४.६५ |

| विवरण | आ.व. २०७६/७७ | आ.व. २०७५/७६ |
|---|---|---|
| अमूर्त सम्पत्तिको खरिद | | (६,०८७,५३६.००) |
| अमूर्त सम्पत्तिको विक्रीबाट प्राप्ति | - | - |
| लगानीको सम्पत्तिको खरिद | - | - |
| लगानीको सम्पत्तिको विक्रीबाट प्राप्ति | - | - |
| प्राप्त व्याज आम्दानी | - | - |
| लाभांश प्राप्ति | - | - |
| **लगानी कारोवारमा प्रयोग भएको खुद नगद** | **(१,६२५,०७८,७०१.६१)** | **(१,१३१,६५८,३९८.९७)** |
| **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | | |
| ऋणपत्र निष्काशनबाट प्राप्त | - | - |
| ऋणपत्रको भुक्तानी | - | - |
| असुरक्षित दायित्वको निष्काशनबाट प्राप्त | - | - |
| असुरक्षित दायित्वमा भएको भुक्तानी | - | - |
| शेयर निष्काशनबाट प्राप्त | - | - |
| लाभांश भुक्तानी | (२३३,५३७,२९६.९६) | (१३६,६४५,४४४.१६) |
| व्याज भुक्तानी | - | - |
| अन्य प्राप्ती/भुक्तानी | - | - |
| **वित्तीय श्रोत कारोवारबाट खुद नगद प्रवाह** | **(२३३,५३७,२९६.९६)** | **(१३६,६४५,४४४.१६)** |
| **नगद तथा नगद समानमा भएको खुद (घट)/बढ** | **(४७,५४६,२९०.९६)** | **(८५६,३६८,३६५.७७)** |
| नगद तथा नगद समानको श्रावण १, २०७६ मा रहेको मौज्दात | ३,८७६,१४१,३९९.२३ | ४,७३२,५०९,७६५.०० |
| नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरक बाट आम्दानी/(खर्च) | - | - |
| **नगद तथा नगद समानको आषाढ ३१, २०७७ मा रहेको मौज्दात** | **३,८२८,५९५,१०८.२७** | **३,८७६,१४१,३९९.२३** |

"हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा "

| | | | |
|---|---|---|---|
| तेज बहादुर ठकुल्ला<br>बित्त तथा लेखा विभाग प्रमुख | सुयोग श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | राजुनाथ खनाल<br>सञ्चालक | लिसा शेरचन<br>सञ्चालक |

| | | | | |
|---|---|---|---|---|
| गंगा सागर ढकाल<br>सञ्चालक | नरेश मान तुलाधर<br>सञ्चालक | सुशिल काजी बानियां<br>सञ्चालक | अच्युत प्रसाद प्रसाई<br>अध्यक्ष | श्याम कार्की<br>श्याम कार्की एण्ड कम्पनी<br>चार्टड एकाउण्टेन्ट्स |

मिति : २०७७/११/१६
स्थान : बालुवाटार, काठमाण्डौं

# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड
## इक्विटीमा भएको परिवर्तनको विवरण
### २०७६ श्रावण १ गतेदेखि २०७७ आषाढ मसान्तसम्मको

(रकम रू.मा)

| विवरण | सेयर पूँजी | सेयर प्रिमियम | साधारण जगेडा | सटही घटबढ कोष | नियमनकारी जगेडा | फेयर भ्याल्यू जगेडा | पुर्नमुल्यांकन | संचित नाफा | अन्य जगेडा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण १, २०७५ सालको मौज्दात** | २,५०६,३८५,००० | २६,६४७,९१६ | ३१६,५२३,७२८ | - | ७५,५०३,००३ | (१७,६२७,२७३) | - | २१३,९२१,१४८ | १०,०२८,१४२ | ३,१३१,३८१,६६३ |
| समायोजन | | | | | | | | | | - |
| **श्रावण १, २०७५ सालको समायोजित मौज्दात** | २,५०६,३८५,००० | २६,६४७,९१६ | ३१६,५२३,७२८ | - | ७५,५०३,००३ | (१७,६२७,२७३) | - | २१३,९२१,१४८ | १०,०२८,१४२ | ३,१३१,३८१,६६३ |
| **यस वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | - |
| यस वर्षको नाफा | | | | | | | | ३४१,८१९,३५१ | | ३४१,८१९,३५१ |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | | | | | - |
| फेयर भ्याल्यूमा मापन गर्दा इक्विटी उपकरणको लगानीमा नाफा/(नोक्सान) | | | | | | (९६६,६४२) | | | | (९६६,६४२) |
| पूनर्मुल्यांकनमा लाभ/(नोक्सान) | | | | | | | | | | - |
| नाफा/(नोक्सान) को पुर्नमापन | | | | | | | | | | - |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | | | | | | | | | | - |
| विनिमय लाभ/(नोक्सान) (अन्तर्राष्ट्रिय Operation को वित्तीय सम्पत्ति रुपान्तरण गर्दा) | | | | | | | | | | - |
| **आर्थिक बर्षको कुल विस्तृत आम्दानी** | - | - | - | - | - | (९६६,६४२) | - | ३४१,८१९,३५१ | - | ३४०,८५२,७०९ |
| आर्थिक बर्षमा जगेडा कोषमा स्थानान्तरण | | - | ६८,३६३,८७० | | | | - | (६८,३६३,८७०) | | - |
| आर्थिक बर्षमा जगेडा कोषबाट स्थानान्तरण | | | | | | | | | | - |
| लगानी समायोजन कोषको समायोजन | | | | | | | | १,८६६,३३२ | (१,८६६,३३२) | - |
| सामाजिक उत्तरदायित्व कोषको सिर्जना | | | | | | | | (३,४१८,१९४) | ३,४१८,१९४ | - |
| सामाजिक उत्तरदायित्व कोषको उपयोग | | | | | | | | १,३४८,३१२ | (१,३४८,३१२) | - |
| कर्मचारी दक्षता अभिवृद्धि कोषको सिर्जना | | | | | | | | (५,०४४,६२६) | ५,०४४,६२६ | - |
| कर्मचारी दक्षता अभिवृद्धि कोषको उपयोग | | | | | | | | ३,६५१,६७७ | (३,६५१,६७७) | - |
| स्थगन कर कोषको समायोजन | | | | | २७,०९०,१४४ | | | (२७,०९०,१४४) | | - |
| सम्बन्धित | | | | | १,८९३,३०० | | | (१,८९३,३००) | | - |
| फेयर भ्याल्यू जगेडा कोषमा स्थानान्तरण Investment in Associates सँग सम्बन्धित | | | | | १२,५७४,७०९ | | | (१२,५७४,७०९) | | - |

| विवरण | सेयर पूँजी | सेयर प्रिमियम | साधारण जगेडा | सटही घटबढ कोष | नियमनकारी जगेडा | फेयर भ्याल्यू जगेडा | पुर्नमुल्यांकन | संचित नाफा | अन्य जगेडा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नियमनकारी जगेडा कोषमा स्थानान्तरण Reduction in FV of Investment | | | | | | - | | - | | - |
| **इक्विटीमा प्रत्यक्ष लेखांकन हुने स्वामित्वकर्तासंगको कारोबार** | | | | | - | - | | | | - |
| शेयर प्रिमियमबाट शेयरमा स्थानान्तरण | २६,६४७,९१६ | (२६,६४७,९१६) | | | | | | | | - |
| सेयर निष्काशन | | | | | | | | | | - |
| शेयर निष्काशन खर्च | | | | | | | | (६२२,२६१) | | (६२२,२६१) |
| सेयर निष्काशन खर्च-करमा प्रभाव | | | | | | | | १८६,६७८ | | १८६,६७८ |
| इक्विटीधारकलाई लाभांश | | | | | | | | - | | - |
| बोनस सेयर जारी | ७३,६०७,४८४ | | | | | | | (७३,६०७,४८४) | | - |
| नगद लाभांश भुक्तानी | | | | | | | | (१३६,६४१,६१४) | | (१३६,६४१,६१४) |
| अन्य विस्तृत आयमा वर्गीकरण गरिएको शेयर बिक्रीमा लाभ | | | | | | | | - | | - |
| अन्य विस्तृत आयमा वर्गीकरण गरिएको शेयर बिक्रीमा लाभ कर | | | | | | | | - | | - |
| अन्य | | | | | | | | | | - |
| **कुल योगदान र वितरण** | | | | | | | | | | - |
| **असार ३१, २०७६ सम्मको मौज्दात** | २,६०६,६४०,४०० | - | ३८४,८८७,५९८ | - | ११७,०६१,१५५ | (१८,५९३,९१५) | - | २३३,५३७,२९७ | ११,६२४,६४० | ३,३३५,१५७,१७५ |
| **साउन १, २०७६ सम्मको मौज्दात** | २,६०६,६४०,४०० | - | ३८४,८८७,५९८ | - | ११७,०६१,१५५ | (१८,५९३,९१५) | - | २३३,५३७,२९७ | ११,६२४,६४० | ३,३३५,१५७,१७५ |
| समायोजन | | | | | | | | | | - |
| **साउन १, २०७६ सम्मको समायोजित मौज्दात** | २,६०६,६४०,४०० | - | ३८४,८८७,५९८ | - | ११७,०६१,१५५ | (१८,५९३,९१५) | - | २३३,५३७,२९७ | ११,६२४,६४० | ३,३३५,१५७,१७५ |
| **यस वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | - |
| यस वर्षको नाफा | | | | | | | | १९१,०९७,८१४ | | १९१,०९७,८१४ |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | | | | | - |
| फेयर भ्याल्यूमा मापन गर्दा इक्विटी उपकरणको लगानीमा नाफा/(नोक्सान) | | | | | | १३,३१८,६३७ | | | | १३,३१८,६३७ |
| पूनर्मुल्यांकनमा लाभ/(नोक्सान) | | | | | | | | | | - |
| नाफा/(नोक्सान) को पुर्नमापन | | | | | | | | | | - |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | | | | | | | | | | - |

| विवरण | सेयर पूँजी | सेयर प्रिमियम | साधारण जगेडा | सटही घटबढ कोष | नियमनकारी जगेडा | फेयर भ्याल्यू जगेडा | पुर्नमुल्यांकन | संचित नाफा | अन्य जगेडा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विनिमय लाभ/(नोक्सान) (अर्न्तराष्ट्रिय Operation को वित्तीय सम्पत्ति रूपान्तरण गर्दा) | | | | | | | | | | - |
| **आर्थिक बर्षको कुल विस्तृत आम्दानी** | - | - | - | - | - | १३,३१८,६३७ | - | १९१,०९७,८१४ | - | २०४,४१६,४५१ |
| आर्थिक बर्षमा जगेडा कोषमा स्थानान्तरण | | | ३८,२१९,५६३ | | | | | (३८,२१९,५६३) | | - |
| आर्थिक बर्षमा जगेडा कोषबाट स्थानान्तरण | | | | | | | | | | - |
| आर्थिक बर्षमा सटही घटबढ कोषमा स्थानान्तरण | | | | २६०,४०५ | | | | (२६०,४०५) | | |
| लगानी समायोजन कोषको समायोजन | | | | | | | | | | - |
| सामाजिक उत्तरदायित्व कोषको सिर्जना | | | | | | | | (४२६,७१४) | ४२६,७१४ | - |
| सामाजिक उत्तरदायित्व कोषको उपयोग | | | | | | | | | - | - |
| कर्मचारी दक्षता अभिवृद्धि कोषको सिर्जना | | | | | | | | | | - |
| कर्मचारी दक्षता अभिवृद्धि कोषको उपयोग | | | | | | | | - | - | - |
| स्थगन कर कोषको समायोजन | | | | | (३,२८३,७६२) | | | ३,२८३,७६२ | | - |
| नियमनकारी जगेडा कोषमा स्थानान्तरण AIR सँग सम्बन्धित | | | | | २४,०४६,३५७ | | | (२४,०४६,३५७) | | - |
| फेयर भ्याल्यू जगेडा कोषमा स्थानान्तरण Investment in Associates सँग सम्बन्धित | | | | | | | | | | - |
| नियमनकारी जगेडा कोषमा स्थानान्तरण Reduction in FV of Investment | | | | | (२२,०६४,७१८) | | | २२,०६४,७१८ | | - |
| **इक्विटीमा प्रत्यक्ष लेखांकन हुने स्वामित्वकर्तासंगको कारोबार** | | | | | | | | | | - |
| शेयर प्रिमियमबाट शेयरमा स्थानान्तरण | | | | | | | | | | - |
| सेयर निष्काशन | | | | | | | | | | - |
| शेयर निष्काशन खर्च | | | | | | | | | | - |
| सेयर निष्काशन खर्च-करमा प्रभाव | | | | | | | | | | - |
| इक्विटीधारकलाई लाभांश | | | | | | | | | | - |
| बोनस सेयर जारी | | | | | | | | | | - |
| नगद लाभांश भुक्तानी | | | | | | | | (२३३,५३७,२९७) | | (२३३,५३७,२९७) |
| अन्य विस्तृत आयमा वर्गीकरण गरिएको शेयर बिक्रीमा लाभ | | | | | | | | | | - |
| अन्य विस्तृत आयमा वर्गीकरण गरिएको शेयर बिक्रीमा लाभ कर | | | | | | | | | | - |

| विवरण | सेयर पूँजी | सेयर प्रिमियम | साधारण जगेडा | सटही घटबढ कोष | नियमनकारी जगेडा | फेयर भ्याल्यू जगेडा | पुर्नमुल्यांकन | संचित नाफा | अन्य जगेडा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अन्य | | | | | | | | | | - |
| कुल योगदान र वितरण | | | | | | | | | | - |
| असार ३१, २०७७ सम्मको मौज्दात | २,६०६,६४०,४०० | - | ४२३,१०७,१६१ | २६०,४०५ | ११५,७५९,०३१ | (५,२७५,२७९) | - | १५३,४९३,२५६ | १२,०५१,३५४ | ३,३०६,०३६,३२९ |

"हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा "

तेज बहादुर ठकुल्ला
बित्त तथा लेखा विभाग प्रमुख

सुयोग श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

राजुनाथ खनाल
सञ्चालक

लिसा शेरचन
सञ्चालक

गंगा सागर ढकाल
सञ्चालक

नरेश मान तुलाधर
सञ्चालक

सुशिल काजी बानियां
सञ्चालक

अच्युत प्रसाद प्रसाई
अध्यक्ष

श्याम कार्की
श्याम कार्की एण्ड कम्पनी
चार्टड एकाउण्टेन्ट्स

मिति : २०७७/११/१६
स्थान : बालुवाटार, काठमाण्डौं

# आधारभूत लेखा नीतिहरू

## १. रिपोर्टिङ संस्था

सांग्रिला डेभलपमेण्ट बैक लिमिटेड कम्पनी ऐन, २०६३ र बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत नेपालमा स्थापना भई सिमित दायित्व भएको पब्लिक लिमिटेड कम्पनी हो । बैंकको रजिष्टार्ड कार्यालयको ठेगाना का.म.न.पा ४, बालुवाटार, काठमाडौं, नेपाल रहेको छ । यस विकास बैंकले नेपाल राष्ट्र बैंकबाट राष्ट्रियस्तरको "ख" वर्गको इजाजतपत्र प्राप्त गरि बैकिङ्ग सेवा संचालन गर्दै आएको छ । साथै यो बैंक नेपाल धितोपत्र बजारमा सूचीकृत रहेको छ । यस विकास बैंकको चुक्ता पूंजी रू. २ अर्व ६० करोड ६६ लाख ४० हजार ४ सय कायम रहेको छ भने प्रतिबेदन तयार पार्दाको दिनसम्म सातै वटा प्रदेश गरि नेपालभरी कुल ९५ वटा शाखा सञ्जाल रहेका छन ।

## २. वित्तीय लेखाङ्कनका आधारहरू

बैंक तथा समूहको आर्थिक वर्ष २०७६/७७ को वार्षिक वित्तीय विवरणहरू नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal (ASBN) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal – ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standard (NFRS) मा भएको व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको नम्बर नं. ४, २०७७ मा निर्दिष्ट भएर तयार गरिएका छन ।

### २.१ अनुपालन सम्बन्धी उद्घोषण

संग्लन वित्तीय विवरणहरू अन्यथा उल्लेख भएका अवस्थाहरूमा बाहेक नेपाल लेखामान बोर्डद्वारा जारी गरिएका लेखानीतिहरू (नेपाल लेखामान मानक तथा नेपाल वित्तीय रिर्पोटिङ मानक), बैंक तथा वित्तीय संस्था संम्बधी ऐन २०७३ का व्यवस्थाहरू, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरूको अधिनमा रहि नेपाल धितोपत्र बोर्डबाट जारी निर्देशिका तथा विनियमावली बमोजिम उल्लेख गर्नु पर्ने विवरणहरू प्रस्तुत गरि तयार पारिएका छन ।

बैंकले नेपाल लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard (NFRS) का आधारमा रही २०७५/७६ को वित्तीय विवरण तयार पारेको थियो । बैंकले २०७६/७७ का लागि पनि सोही व्यवस्था अनुसार वित्तीय विवरण तयार पारेको छ ।

### २.२ सञ्चालक समितिबाट वार्षिक वित्तीय विवरणको स्वीकृति

प्रमुख लेखा नीति तथा खुलासा सहितको आ.ब.२०७६/७७ को वित्तीय विवरण सञ्चालक समितिको मिति २०७७/११/१६ गते बसेको २६० औं बैठकबाट स्वीकार तथा स्विकृत गरेको छ । बैंकको वित्तीय विवरण तयारीको जिम्मेवारी सञ्चालक समितीले वहन गर्नेछ । सो स्वीकृत वित्तीय विवरण शेयरधनीबाट स्वीकृत गर्नको लागी आगामी बार्षिक साधारणसभा समक्ष सिफारिस गरिएको छ ।

### २.३ वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व

कम्पनी ऐन, २०६३ को दफा १०८(५) अनुसार बैंकको तथा समूहको एकीकृत वित्तीय विवरण तयार गर्ने अन्तिम जिम्मेवारी सञ्चालक समितिमा निहित रहेको छ । यस सन्दर्भमा सञ्चालक समितिले आफ्नो जिम्मेवारी रहेको व्यहोरा यसै प्रतिवेदनमा प्रस्तुत 'सञ्चालकहरूको जिम्मेवारी सम्बन्धी विवरण'मा प्रष्ट छ ।

**आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरणमा देहायका विवरणहरू समावेश गरिएका छन् :**

- बैंक तथा समूहको आषाढ मसान्त, २०७७ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position),
- बैंक तथा समूहको आर्थिक वर्ष २०७६/७७ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण#(Statement of Profit or Loss and Statement of Other Comprehensive Income),
- बैंक तथा समूहको आर्थिक वर्ष २०७६/७७ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण
- (Statement of Cash Flows),
- बैंक तथा समूहको आर्थिक वर्ष २०७६/७७ मा जायजेथामा भएको परिवर्तनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Changes in Equity), तथा
- बैंक तथा समूहको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरू र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरू समेटिएको लेखा सम्बन्धी टिप्पणीहरू ।

## २.४ कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

बैंक तथा समूहको वित्तीय विवरणमा देखाईएका सम्पत्ति तथा दायित्वहरू नेपाली रूपैयामा प्रस्तुत गरिएका छन ।

## २.५ अनुमान, धारणा तथा स्वविवेकको प्रयोग (Use of Estimates, Assumptions and Judgments)

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन बनाउँदा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरूलाई आधार बनाईएको हुन्छ । बैंक व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समयानुकुल पूनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्देशन गरे अनुसार समायोजन गर्ने गरेको छ ।

यी अनुमानहरू उपलब्ध जानकारी र बैंक व्यवस्थापनको स्वविवेकमा आधारित हुन्छन । वास्तविक परिमाणहरू मुल्याङ्कन गरे भन्दा फरक पर्न सक्दछन र कहिले काही यस्ता भिन्नताहरू महत्वपूर्ण पनि हुन सक्दछन । बैंकले पालना गरेको लेखा नीतिहरू र सो नीतिहरूले पार्ने असर सम्बन्धित टिप्पणीमा उल्लेख गरिएको छ ।

बैंकले विभिन्न अनुमान र धारणाहरू क्रमिक रूपमा अझै परिस्कृत गर्दै लैजाने छ । धारणा र पद्दतिहरूमा परिमार्जनको परिणाम स्वरूप परिवर्तन हुने अनुमानहरू त्यो अवधिमा प्रतिबिम्बित हुन्छ, जुन अवधिमा सोको असर पहिला लागु गरिन्छ । बैंकले अपनाएको लेखांकन अनुमानहरू र सो अनुमानहरूले पार्ने फरक सम्बन्धित टिप्पणीमा उल्लेख गरिएको छ ।

### २.५.१ निरन्तरता (Going Concern)

व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रूपमा चलिरहन्छ भन्ने सिद्धान्तलाई अंगिकार गरि वित्तीय विवरण तयार गरिएको छ । व्यवसाय भविष्यमा अनवरत रूपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरू छन भनी विश्वस्त छ । यसका लागि संचालक समितिले नाफा, नगद प्रवाह, पूंजीगत स्रोतहरू जस्ता अवस्थाहरूको भविष्यको प्रक्षेपण गर्नका साथै वर्तमान र भविष्यको अवस्थाहरू विश्लेष्ण गरेको छ ।

## २.६ लेखाङ्कन नीतिमा परिवर्तन

विकास बैंकले पहिलो पटक ३१ आषाढ २०७६ देखि नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार पारेको हो । बैंकले आफ्नो सम्पत्ति र दायित्वलाई नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार पहिचान गरेको छ र सो अनुसार पहिचान नहुने सम्पत्ति तथा दायित्वलाई पहिचान गरिएको छैन । पहिचान गरिएको सम्पत्ति तथा दायित्वको लेखाङ्कन नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार पारिएको छ ।

यो वर्षको लेखा नीतिमा कुनै परिवर्तन गरिएको छैन ।

## २.७ प्रतिवेदन घोषणा

विकास बैंकले वित्तीय विवरण तयार गर्नका लागि नेपाल लेखामान बोर्ड (Accounting Standards Board (ASB) बाट १३ सेप्टेम्बर २०१३ मा जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard-NFRS) अङ्गीकार गरेको छ । NFRS ले अन्तर्राष्ट्रिय लेखामान बोर्ड (IASB) ले जारी गरेको अन्तराष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRS) लाई सबै हिसाबमा सम्बोधन गर्दछ । यद्यपि आईक्यानले NFRS अङ्गीकार गर्दा केही उल्लेखित विकल्पहरू (Carve out) पनि अपनाउन सकिने उल्लेख गरेको छ । आईक्यानले तोकेको Crave Out र त्यसको अनुपालनाको स्थिति यस प्रकार रहेको छ ।

### २.७.१ अन्तरिम वित्तीय विवरण (NAS 34: Interim Financial Reporting)

NAS 34 को Para 2 को प्रावधान बमोजिम कुनै अवधिको अन्तरिम वित्तीय विवरणहरू प्रकाशित गर्दा सोही अवधिको पछिल्लो आ.व.को वित्तीय विवरणहरूलाई आवश्यकता अनुसार पूनरलेखन तथा पूनरवर्गीकरण गर्नु पर्ने आवश्यकता रहेको र सो गर्न अव्यवहारिक भएको अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । बैंकले प्रस्तुत वार्षिक वित्तीय विवरण तयार गर्दा उपरोक्त वैकल्पिक व्यवस्थाको अवलम्बन गरेको छ ।

### २.७.२.NAS 39 :वित्तीय उपकरण (पहिचान, लेखाङ्कन तथा मापन (कर्जा नोक्सानी व्यवस्था सम्बन्धी)

NAS 39 को Para 63 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provisioning) कायम गर्दा "Incurred Loss Model" अपनाएर गर्नुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्था अनुसार बैंकले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको निर्देशन नं. २/०७७ बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था वा NAS 39 को Para 63 बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई कर्जा नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ ।

### २.७.३. NAS 39 (वित्तीय उपकरण, पहिचान तथा मापन (समायोजित ब्याजदर) (Effective Interest Rate सम्बन्धी)

NAS 39 को Para 9 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले कर्जा लगानीबाट हुने ब्याज आम्दानी उक्त लगानी गर्दा प्राप्त सेवा शुल्क र कमिशनलाई समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective Interest Rate) मा गर्नु पर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ ।

उक्त वैकल्पिक व्यवस्था बमोजिम कर्जा लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई कर्जाबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी (Accrual Basis) लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाङ्कन गर्न पाउने हुन्छ ।

बैंकले उपरोक्त वैकल्पिक व्यवस्था अनुसार कर्जा प्रवाह गर्दा प्राप्त सेवा शुल्क तथा कमिशनलाई समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी लेखाङ्कनका आधारमा सो आम्दानी पाकेकै वर्ष आम्दानी जनाएको छ ।

**२.७.४.NAS 39 (वित्तीय उपकरण, पहिचान तथा मापन (निष्क्रिय कर्जाबाट हुने ब्याज आम्दानी)**

NAS 39 को Para AG 93 को व्यवस्था बमोजिम कर्जा बापत प्राप्त हुने साँवा यदि नोक्सानीको कारणले कम भएको अवस्थामा त्यस्तो कर्जाबाट (नोक्सानी व्यवस्था घटाए पछिको रकममा) प्राप्त हुने ब्याज आम्दानी उक्त कर्जाबाट भविष्यमा प्राप्त हुने अनुमानित नगद प्रवाह लाई Discount गरी आजको मूल्यमा ल्याउन प्रयोग हुने ब्याजदरकै आधारमा गर्नु पर्ने प्रावधान रहेकोमा सो गर्न अव्यवहारीक हुँदा बैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ ।

उक्त बैकल्पिक व्यवस्था बमोजिम त्यस्ता कर्जाहरूबाट हुने ब्याज आम्दानी कर्जामा हुने नोक्सानी घटाउनु अगावैको कर्जा रकममा ब्याज आम्दानी जनाउन सकिने छ । बैंकले प्रस्तुत वार्षिक वित्तीय विवरण तयार गर्दा उपरोक्त वैकल्पिक व्यवस्थाको अवलम्बन गरेको छ।

२.७.५. **NAS 28 Investments in Associates and Joint Ventures** (सम्बद्ध कम्पनीमा लगानी)

NAS 39 काव्यवस्था बमोजिम सम्बद्ध कम्पनीमा लगानीलाई equity method बाट मुल्याङ्कन गर्नु पर्ने प्रावधान रहेकोमा सो गर्न अव्यवहारिक हुँदा बैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । जसको कारणले गर्दा cost method बाट सम्बद्ध कम्पनीमा लगानीलाई मुल्याङ्कन गरेको छ ।

**२.८ छुट (Discounting)**

गैर चालु सम्पत्ति र दायित्वमा डिस्काउन्टिङ्गको प्रभाव महत्वपूर्ण भएको अवस्थामा लागु गरिएको छ ।

**२.९ नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको सीमा (Limitation of NFRS implementation)**

जानकारी पर्याप्त रूपमा उपलब्ध नभएको अवस्थामा र जानकारी प्राप्त गर्न लाग्ने लागत त्यसको फाइदा भन्दा बढी भएमा नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको यस्तो अपवाद सम्बन्धित खण्डहरूमा उल्लेख गरिएको छ ।

प्रमुख लेखा नीतिहरू वित्तीय विवरणहरू तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरू तल उल्लेख गरिएका छन । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरूको पालना निरन्तर रूपमा गरिएको छ ।

## ३. प्रमुख लेखामान नीति (Significant Accounting Policies)

बैंकले प्रस्तुत वित्तीय विवरण तयार गर्दा अवलम्बन गरेका प्रमुख लेखा नीतिहरू निम्न बमोजिम रहेका छन :

### ३.१ मापनको आधार

वित्तीय विवरणहरू निरन्तरताको आधार (Going Concern) मा तयार पारिएका छन, जहाँ लेखाका नीतिहरू मान्यताको आधारमा अनवरत रूपमा लागू गरिएका छन । फरक भएको खण्डमा विशेष रूपमा खुलाईएको छ ।

### ३.२ एकीकरणकोआधार

विकास बैंकको नियन्त्रण रहने गरी कुनै संस्थामा लगानी नभएकोले वित्तीय विवरणको एकीकरणको आवश्यक रहेको छैन ।

### ३.३ नगद तथा नगद समान

नगद तथा नगद समान भनी बैंक तथा वित्तीय संस्थामा रहेको नगद मौज्दात, माग तथा अल्प सुचनामा प्राप्त हुने रकम, जोखिम रहित वा नगन्य जोखिम रहेको ३ महिना भित्र नगदमा प्राप्त गर्न सकिने अत्याधिक तरल वित्तीय सम्पत्तिलाई जनाईएको छ ।

विकास बैंकले अल्पकालिन प्रतिवद्धता पुरा गर्न प्रयोग गर्ने र Fair Value परिवर्तन हुन गई नगन्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो । वित्तीय अवस्थाको विवरणमा नगद तथा नगद समानलाई परिशोधित मूल्यमा राखिन्छ ।

### ३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्व

**क) पहिचान**

विकास बैंकले प्रारम्भिक रूपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गर्दछ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष हुन्छ । विकास बैंकले सुरूमा कर्जा सापटी, निक्षेप र ऋण सुरक्षणपत्रहरू र सहायक दायित्वहरु उनीहरूको उत्पत्ति भएको मितिमा लेखांकन गर्दछ जुन त्यो मिति हो जुनबेला बैंक उपकरणको प्रावधानहरूसंग अनुबन्धित हुन्छ । इक्विटी उपकरणमा लगानी, धितोपत्र, ऋणपत्र, सरकारी सुरक्षणपत्र, राष्ट्र बैंकको ऋणपत्र वा निक्षेप लिलामी, रिभर्स रिपो, प्रष्ट खरिदलाई व्यापारको मितिमा अर्थात जुनबेला विकास बैंकले वित्तीय सम्पत्तिको खरिद वा अधिग्रहणको प्रतिबद्धता गर्छ सोही मितिमा लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई राफसाफ हुने मितिमा लेखाङ्कन गरिन्छ ।

**ख) वर्गीकरण**

**१. वित्तीय सम्पत्ति**

वित्तीय संस्थाले आफ्नो व्यवसायिक मोडेलको आधारमा वित्तीय सम्पत्तिलाई निम्न बमोजिम वर्गीकरण गरेको छ :

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति :**
  देहायको दुवै शर्त पूरा भएमा वित्तीय सम्पत्तिलाई परिशोधित लागतमा मापन गरिएको छ : अनुबन्धित नगद प्रवाहको संकलन गर्ने उद्देश्यले व्यावसायिक मोडेलमा लिइएको र वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगदप्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा व्याज रकमको मात्र भुक्तानी हो ।

- **फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्ति**
  परिशोधित लागतमा मापन नगरिएको वित्तीय सम्पत्ति फेयर भ्याल्युमा मापन गरिएका छ । फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिलाई देहायको वर्गमा पुनः वर्गीकरण गरिएको छ :

- **नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति**
  व्यापारको लागि लिइएका वित्तीय सम्पत्तिलाई नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिन्छ । प्रारम्भकोअभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्धीत खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ । त्यस पश्चात्त सो सम्पत्तिलाई फेयरभ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युको फरकलाई नाफा-नोक्सानमा मापन गरिन्छ ।

- **अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति**
  इक्वीटी उपकरणमा गरेको लगानी जुन व्यापारको लागि राखिएको हुँदैन र अन्य विस्तृत आम्दानीद्वारा फेयर भ्याल्युमा मापन गर्नेभनेर व्यवस्थापनले अपपिरवर्तनीय निर्णय गरेको हुन्छ त्यसलाई अन्य विस्तृत आम्दानीद्वारा फेयर भ्याल्युमा मापन गरिएको छ । त्यसपश्चात सो सम्पत्तिलाई फेयर भ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युको फरकलाई अन्य विस्तृत आम्दानीमा मापन गरिन्छ ।

२. **वित्तीय दायित्व**
वित्तीय जमानत, र कर्जा प्रतिबद्धता बाहेकका वित्तीय दायित्वलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :

- **नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय दायित्व**
  व्यापारको लागि लिइएका वित्तीय दायित्वलाई नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिन्छ । प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्धीत खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ । नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय दायित्व बाहेक कर्जा जोखिमको प्रभावबाट फेयर भ्याल्युमा हुने फरकलाई अन्य विस्तृत आम्दानीमा मापन गरिन्छ ।

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्व :**
  नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापित वित्तीय दायित्व बाहेकका वित्तीय दायित्वलाई प्राभावकारी ब्याजदरको (**EIR**) को आधार प्रयोग गरी परिशोधित मूल्यमा मापन गरिन्छ ।

**ग. मापन**

**१. प्रारम्भिक मापन**

नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा दायित्वलाई सुरूको फेयर भ्याल्युमा प्रत्यक्ष संलग्न कारोबार रकम जोडी मापन गरिन्छ । नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति र दायित्वसंग सम्बन्ध भएको कारोबार लागतलाई नाफा/नोक्सान विवरणमा मापन गरिएको छ ।

**२. पछिको मापन**

प्रारम्भिक मापन पश्चात् वित्तीय सम्पत्ति र दायित्वलाई सो को वर्गको हिसाबले फेयर भ्याल्युवा परिशोधित मुल्यमा मापन गरिएको छ । प्रारम्भमा परिशोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति वा दायित्वलाई त्यस पश्चात् प्रभावकारी व्याज दरको विधि प्रयोग गरि मापन गरिएको छ । फेयर भ्याल्युमा मापित वित्तीय सम्पत्तिलाई प्रारम्भको मापन पश्चात् फेयर भ्याल्युमा मापन गरिएको छ । नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिको फेयर भ्याल्युमा आएको फरकलाई नाफा-नोक्सानमा लेखाङ्कन गरिन्छ भने अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिको फेयर भ्याल्युमा आएको फरकलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ ।

**पहिचानबाट हटाइने (De-recognition)**

**वित्तीय सम्पत्तिलाई पहिचानबाट हटाइने**

जब कुनै वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त हुन्छ वा जब बैंकले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ जसमा वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ अथवा वित्तीय संस्थाले न त प्रतिफल हस्तान्तरण गर्छ न त जोखिम हस्तान्तरण गर्छ र वित्तीय सम्पत्तिको नियन्त्रण राख्दैन त्यसबेला वित्तीय संस्थाले वित्तीय सम्पत्ति पहिचनबाट हटाउँछ ।

**वित्तीय दायित्वलाई पहिचानबाट हटाइने**

दायित्वको जिम्मेवारी पूर्ण रूपमा राफसाफ भएमा, रद्द भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरूलाई पहिचानबाट हटाइन्छ । जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरू बिभिन्न शर्तहरु, वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नया दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिन्छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफलबीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिन्छ ।

**३.४.१ फेयर भ्याल्युको निर्धारण**

फेयर भ्याल्युमा देखाईएको वा प्रस्तुत गरिएका सम्पत्ती र दायित्वहरु महत्वपूर्ण इन्पुटहरूको आधारमा तीन तहमा वर्गीकृत गरिएको छ । मूल्यांकनका महत्वपूर्ण इन्पुटहरूमा रेपोर्टिङ अवधिमा भएको परिवर्तनको आधारमा सम्पत्ती र दायित्वहरूलाई फेयर भ्याल्यु पदानुक्रम (Fair Value Hierarchy) मा स्थानान्तरण गर्न सकिन्छ । वित्तीय संस्थाले रिपोटिङ्ग अवधिको अन्त्यमा मुख्य बजार वा इन्पुटहरूमा उल्लेखनीय परिवर्तन भएमा, फेयर भ्याल्युको पदानुक्रमको स्तरहरु बीचको स्थानान्तरणलाई मान्यता दिएको छ । फेयर भ्याल्यु निम्न पदानुक्रम अनुसार निर्धारण गरिएको छ :

**तह १** फेयर भ्याल्यु मापन ती हुन् जुन समान प्रकृतिका सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचिकृत (Unadjusted quoted) मूल्यहरूबाट निकालेको हुन्छ ।

**तह २** मापन भन्नाले सक्रिय बजारमा समान प्रकृतिका (Similar) उपकरणका लागि सूचिकृत मूल्यहरु वा निष्क्रिय बजारमा समान प्रकृतिका (Identical or Similar) उपकरणको लागि सूचिकृत मूल्यहरू र जहाँ वित्तीय उपकरणहरु मुल्याकंन गर्दा सबै महत्वपूर्ण इन्पुटहरू अवलोकन योग्य हुन्छ ।

**तह ३** जहाँ कम्तीमा एउटा इनपुट, जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, त्यो अवलोकन योग्य बजार आंकडामा आधारित हुँदैन ।

उपलब्ध भएसम्म वित्तीय संस्थाले एक उपकरणको फेयर भ्याल्यु त्यो उपकरणको सक्रिय बजारमा सुचिकृत मूल्यको प्रयोग गरी मापन गर्दछ । बजारलाई सक्रिय तब मानिन्छ जब सुचिकृत मूल्यहरु सजिलै र नियमित रूपमा उपलब्ध हुन्छन् र Arm's Length Price मा अधारित भएर वास्तविक र नियमित रूपमा बजारमा हुने लेनदेनलाई प्रतिनिधित्व गर्दछ । यदि कुनै वित्तीय साधनको लागि बजार सक्रिय छैन भने, वित्तीय संस्थाले मूल्यांकन प्रविधि प्रयोग गरी फेयर भ्याल्यु स्थापना गर्दछ । मुल्याकंन प्रविधिले जानकार, इच्छुक पार्टीहरु उपलब्ध छ भने बीचको भर्खरको Arm's Length Price मा भएको लेनदेन, अन्य समान उपकरणहरूको वर्तमान फेयर भ्याल्यु र डिस्काउन्ट गरिएको नगद प्रवाहको विश्लेषणहरु समावेश गरेको हुन्छ ।

### ३.४.२ कर्जा सापटको नोक्सानी (Impairment of Loans and Advances)

प्रत्येक प्रतिवेदन मितिमा विकास बैंकले सम्पत्तिमा नोक्सान भएको वा नभएको कुनै संकेत छ कि छैन भनी समीक्षा गर्दछ । भविष्यमा नोक्सान अर्थात घाटाको निर्धारण गर्दा विशेषगरी व्यवस्थापनले नगद प्रवाहको रकम र समयको आंकलन गर्नु आवश्यक हुन्छ । यस्ता अनुमानहरू धेरै कारकहरू प्रतिको धारणामा आधारित छन र भएको प्रावधानहरूमा भविष्यमा परिवर्तन भएमा वास्तविक परिणाम फरक हुन पनि सक्दछन ।

नोक्सानीको व्यक्तिगत मुल्यांकन आर्थिक सम्पत्तिमा लागू हुन्छ जुन नोक्सानीको लागि व्यात्तिगत रूपमा मूल्यांकन गरिन्छ र भविष्यको नगद प्रवाहलाई वर्तमान मुल्यको उच्चतम अनुमानमा आधारित हुन्छ । नगद प्रवाहको अनुमान गर्दा व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र धितोको बिक्रीबाट प्राप्त हुनसक्ने खूद मुल्यको आधारमा निर्णय गर्दछ । प्रत्येक बिग्रेको सम्पत्ति यसको कार्य गर्न सक्ने क्षमताको आधारमा मूल्यांकन गरिन्छ । कार्यगत रणनीति र नगद प्रवाहको अनुमानलाई प्राप्ति योग्य मानिन्छ । एक्सपोजरको नोक्सानको व्यात्तिगत मुल्यांकनको अर्थ भनेको कमजोरीको उद्देश्य प्रमाण छ कि छैन, भविष्यको नगद प्रवाहको वर्तमान मुल्यको अनुमान र यस मूल्यांकनमा समावेश ऋण लिने प्रत्येक व्यक्तिबाट प्राप्त हुने नोक्सानको मुल्य गणनाको अर्थ हो ।

विकास बैंकले नोक्सानीको व्यक्तिगत मुल्यांकनको लागि रू. १ करोड ५० लाखभन्दा माथिका र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम Non Performing वर्गमा रहेका सम्पूर्ण कर्जाहरू समावेश गरेको छ । यसै सन्दर्भमा हरेक कर्जाको भुक्तानी ऋणीको अनुमानित नगद प्रवाहबाट प्राप्त हुने (Going Concern) र धितोको बिक्रीबाट कर्जाको भुक्तानी हुने (Gone Concern) मा विभाजन गरिन्छ । विकास बैंकले यी दुवै अवस्थामा परम्परागत मान्यता अनुरूप ऋणीको अनुमानित नगद प्रवाह, वर्तमानको आर्थिक अवस्था, विकास बैंकको आफ्नै अनुमान आदिलाई आधार मानी कर्जा नोक्सानी व्यवस्थाको मुल्यांकन गर्दछ ।

व्यक्तिगत रूपमा कर्जा नोक्सानी व्यवस्था (Individual Impairment) नगरिएका कर्जाहरूलाई सामुहिक कर्जा नोक्सानी मुल्यांकन गरिएको छ ।

सामुहिक नोक्सानीको आंकलन गर्दा विकास बैंकले ऋण नतिर्ने सम्भाबना (Probability of deault), पुनः स्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्ति, Loss Given Default आदिको तथ्यांकीय विश्लेषण, प्रोडक्ट, जोखिम कारकहरू, धितोको पर्याप्तताका आधारमा गरी नोक्सानी व्यवस्थाको निर्धारण गरिन्छ । डिफल्ट दर, नोक्सान दर र भविष्यमा पुनः प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूसँग तुलना गरिन्छ र उपयुक्त भए नभएको सुनिश्चित गरिन्छ।

ICAN ले जारी गरेको वैकल्पिक व्यवस्थाको सुचना अनुसार बैंकले कर्जा तथा सापटीमा हुने हानी नोक्सानीको मापन गरेको छ र कर्जा नोक्सानी व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड र NAS ३९ को अनुच्छेद ६३ बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी छ त्यसैलाई लेखाङ्कन गरिएको छ । NFRS/NRB बमोजिमको ब्यवस्था निम्नअनुसार प्रस्तुत गरिएको छ ।

NFRS बमोजिम ब्यवस्था अनुसार

| विवरण | आ.व. २०७६/७७ | आ.व. २०७५/७६ | आ.व. २०७४/७५ |
|---|---:|---:|---:|
| एकल हानी नोक्सानी (Individual Impairment) | १९,०७४,१७८.५१ | १०,८३२,४८७.९९ | १८,२५२,६३०.७१ |
| सामूहिक हानी नोक्सानी (Portfolio Impairment) | ७६,३८९,२६७.१९ | ३१,६३६,५८२.४१ | २३,७८०,३०७.३३ |
| **NFRS बमोजिम ब्यवस्था** | ९५,४६३,४४५.७० | ४२,४६९,०७०.४० | ४२,०३२,९३८.०४ |

NRB बमोजिम ब्यवस्था (नेपाल राष्ट्र बैंकको निर्देशन न. २०७७ को १ (ग) र २०७७ को ९ (१)) अनुसार

| विवरण | आ.व. २०७६/७७ | आ.व. २०७५/७६ | आ.व. २०७४/७५ |
|---|---:|---:|---:|
| असल | १९३,९७६,३६६.४७ | १८९,०५३,२३५.६३ | ११४,४२३,९३१.०० |
| सूक्ष्म निगरानी | २१४,९५१,६८३.५८ | २०,०६३,१८८.८८ | ७,७६९,१५२.०० |
| पुर्नसंरचना र पूर्नतालिकिकरण | - | ४४७,०२०.९४ | - |
| कमसल | २९,७१८,८५३.२४ | २२,२००,४६१.६९ | १२,२२७,६९९.०० |
| शंकास्पद | ५४,९९०,४५२.७७ | २३,७०२,८८६.१८ | ५,३९९,५७२.०० |
| खराब | ४१,३६३,०६१.५२ | २२,८३३,४६३.२२ | ९,८३७,२६६.०० |
| **NRB बमोजिमको ब्यवस्था** | **५३५,०००,४१७.५८** | **२७८,३००,२५६.५४** | **१४९,६५७,६२०.००** |
| **NRB बमोजिमको बढी ब्यवस्था** | ४३९,५३६,९७१.८८ | २३५,८३१,१८६.१४ | १०७,६२४,६८१.९६ |

नेपाल राष्ट्र बैंकको निर्देशन न. २०७७ को १ (ग) र २०७७ को ९ (१) बमोजिम कर्जा नोक्सानी ब्यवस्था नगर्दा रू १,२६४,५५५,८४६.०३ ब्यवस्था रहेको छ ।

### ३.४.३ बिक्रीको लागि उपलब्ध वित्तीय लगानीको नोक्सानी (Impairment of Financial Investments – Available-for-Sale)

जब बिक्रीको लागि उपलब्ध इक्विटी लगानी व्यापक रूपमा त्यस्तो लगानीको फेयर भ्यालुमा गिरावट आउदछ वा उक्त लगानीको फेयर भ्यालुलागत मूल्य भन्दा तल झर्दछ तब विकास बैंकले बिक्रीको लागि उपलब्ध इक्विटी लगानीको नोक्सानी व्यवस्था गर्दछ ।

(विस्तृत विवरण नोट ४.८ मा दिईएको छ)

### ३.४.४ व्यापारिक सम्पत्ति (Trading Assets)

विकास बैंकले निकट भविष्यमा नै बिक्री गरी नाफा आर्जन गर्ने उद्देश्यले खरिद गरेका सम्पत्तिहरूलाई यस शीर्षकमा देखाईएको छ । अन्य व्यापारिक सम्पत्तिहरूमा गैर व्युत्पन्न वित्तीय सम्पत्तिहरू (Non-derivative financial assets), सरकारी ऋणपत्र, नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, स्वदेशी इजाजतपत्रप्राप्त संस्थाहरूले जारी गरेका ऋणपत्रहरू, ट्रेजरी विल्स, इक्विटी आदि व्यापारिक प्रयोजनको लागि राखिएको छ ।

## ३.५ स्थिर सम्पत्ति तथा कार्यालय उपकरण

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरू एक वर्ष वा सो भन्दा बढी धारण गरी ग्राहकलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । बैंकले NAS 16 – "Property, Plant & Equipment"को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरूको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

बैंकको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरूको बारेमा थप जानकारी बुँदा नं. ४.१३ मा प्रस्तुत गरिएको छ

बैंकलाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यभावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ ।स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई लागत मोडल (Cost Model) मा लेखाङ्कन तथा प्रस्तुत गर्ने बैंकको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिंदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

बैंकले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । अन्यथा उल्लेख भएकोमा बाहेक, बैंकले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रासकट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ। बैंकका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ ।

| सम्पतिको प्रकृति | अनुमानित उपयोग अवधि |
|---|---|
| सवारी साधन | ५ |
| फर्नीचर | ७ |
| कम्प्युटर | ५ |
| कार्यालय उपकरण | ७ |
| लिजहोल्ड सम्पत्ति | १० |

बैंकले रू. ५,०००।– सम्म मोल पर्ने स्थिर सम्पत्ति प्रकृतिका सामानहरू खरिद गर्दा त्यस्ता उपकरण तथा सामानहरू पूँजीकृत नगरी सोझै सोही बर्ष खर्च लेख्ने नीति लिएको छ । यस्तो सामानहरूको छुट्टै सुचि संचालन विभागले तयार गरि पारदर्शी रूपमा राख्ने गरेको छ ।

**३.६ अमुर्त सम्पत्ति कम्प्युटर सफ्टवेयर (Intangible Assets)**

खरिद गरिएको कम्प्युटर सफ्टवेयर खरिद लागतको आधारमा पुँजीकरण गरिन्छ । सफ्टवेयरको विकासमा समय समयमा गरिने खर्चहरूले भविष्यमा आर्थिक रूपमा संस्थालाई फाइदा पुग्दछ भन्ने मान्यताको आधारमा त्यस्ता खर्चहरूलाई समेत पुँजीकरण गरिन्छ । कम्प्युटर सफ्टवेयरसंग सम्बन्धित खर्चहरू ५ वर्षको अवधिमा समदर प्रणालीको आधारमा परिशोधित गरिएको छ ।

**३.७ सम्बद्ध कम्पनीमा लगानी**

NAS 39 को व्यवस्था बमोजिम सम्बद्ध कम्पनीमा लगानीलाई equity method बाट मुल्याङ्कन गर्नु पर्ने प्रावधान रहेकोमा सो गर्न अव्यवहारिक हुँदा बैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । जसको कारणले गर्दा cost method बाट सम्बद्ध कम्पनीमा लगानीलाई मुल्याङ्कन गरेको छ । हाल बैंकको कुनै पनी सम्बद्ध कम्पनीमा लगानी नरहेको जानकारी गरिन्छ ।

**३.८ लगानी उद्देश्यका स्थिर सम्पत्ति (Investment Properties)**

लगानी उद्देश्य भएका स्थिर सम्पत्ति भनेका जमीन वा बिल्डिंग वा दुवैलाई NAS 16 – Property, Plant & Equipment बमोजिम पहिचान गरि NFRS 5 – Non-current Assets held for Sale and Discountinued Operations अन्तर्गत बिक्रीको लागि राखिएका लगानी उद्देश्यका स्थिर सम्पत्तिलाई जनाउँछ । हाल बैंकसँग यस्तो कुनै पनि सम्पति रहेको छैन ।

**३.९ आयकर (Income Tax)**

बैंकले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

**क) चालु आयकर (Current Tax)**

हालका कर सम्पत्तिहरू र दायित्वहरू तथा अघिल्ला वर्षहरूका बुझाउन बांकी रहेका कर दायित्वहरू यस वर्षमा बुझाउनुपर्ने देखिएमा त्यस्ता रकमहरू यस शीर्षकमा राखिन्छ । सम्बन्धित आर्थिक वर्षमा करको रूपमा भुक्तानी गर्नुपर्ने गरी पहिचान भएका कर दायित्वहरू, शुल्क र हर्जाना यस शीर्षकमा समावेश हुन्छन । चालु आयकर सम्बन्धी थप जानकारी बुँदा नं ४.४१ मा प्रस्तुत गरिएको छ ।

**ख) स्थगन कर (Deferred Tax)**

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रूपमा लेखाङ्कन गरि प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च) को लेखाङ्कन गरिन्छ । स्थगन कर सम्बन्धीको थप जानकारी बुँदा नं ४.१५ मा प्रस्तुत गरिएको छ ।

## ३.१० व्यवस्थाहरू तथा सम्भावित दायित्वहरू (Provisions and Contigent liabilities)

बैंकले सम्भावित दायित्वहरूको पहिचान तथा व्यवस्थाहरू लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्पूर्ण प्रतितपत्र, बैंक जमानत वापतको सम्पूर्ण रकम नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार सम्भावित दायित्व अन्तर्गत देखाइन्छ । सम्भावित दायित्वहरूको थप जानकारी बुँदा नं ४.२८ मा प्रस्तुत गरिएको छ ।

विगतका घटनाहरूको परिणामस्वरूप विकास बैंकको वर्तमानमा सिर्जित कुनै दायित्वहरू छन जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व चुक्ता गर्नको लागि श्रोतको बर्हिगमन हुन्छ भने त्यसलाई व्यवस्थाको रूपमा लेखांकन गरिएको छ ।

## ३.११ आम्दानी लेखाङ्कन

आम्दानी भनेको संस्थाको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो, यदि त्यस्ता लाभहरूले इक्विटी सहभागीहरूको योगदानको कारणले बाहेक इक्विटीको वृद्धि हुन्छ । आम्दानीलाई यस हदसम्म पहिचान र लेखांकन गरिन्छ कि आर्थिक लाभहरु वित्तीय संस्थामा प्रवाहित हुनेछन् र आम्दानी भरपर्दो मापन गर्न सकिन्छ । जुन आयको प्राप्ती सम्भव छैन तिनलाई आम्दानी अवधिमा लेखांकन गरिएको छैन । वित्तीय संस्थाको आम्दानीमा व्याज आय, शुल्क र कमिसन, कार्डहरूको आम्दानी, रेमिट्यान्स आय, ईन्स्योरेन्स कमिसन आदि समावेश छ र आय लेखाङ्कनको आधारहरु निम्नानुसार छन ।

### क) व्याज आम्दानी

व्याज आम्दानीमा कर्जा लगानी, नाफा नोक्सानको माध्यमबाट FairValue मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, नेपाल राष्ट्र बैंकमा रहेको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको कर्जामा प्राप्त व्याज रकमहरू समावेश हुन्छन ।

कर्जा लगानीमा प्राप्त व्याज आम्दानी NFRS ले सुझाव गरेबमोजिम परिमार्जित साँवा रकममा पहिचान गरिन्छ जुन प्रभावकारी व्याज विधिको नजिक हुने गर्दछ । नोक्सानी व्यवस्था गरिएका कर्जाहरूमा पाउने व्याजलाई प्रभावकारी व्याज गणना विधिमा समावेश गरिदैंन । सरकारी ऋणपत्र, ट्रेजरी बिल, बैंक मौज्दातमा पाउने व्याज आम्दानीलाई प्रभावकारी व्याज गणना विधिको मान्यता दिईन्छ ।

### ख) शुल्क तथा कमिशन आम्दानी

सामान्यतया कुनै विशेष कार्य सम्पन्न भएपश्चात वा सेवा प्रवाह गरेवापत शुल्क तथा कमिशन आम्दानी प्राप्त हुने गर्दछ र यसलाई आर्जित आयको रूपमा मान्यता दिईन्छ ।

### ग) लाभांश आम्दानी

बैंकलाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

### घ) खुद व्यापारिक आम्दानी

बैंकले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गतप्रस्तुत गरिन्छ। बैंकले विदेशी मुद्राको खरिद तथा बिक्रीबाट हुने आम्दानी वा घाटालाई समेत यही शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ।

### ङ) अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ । विदेशी मुद्रा विनीमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ । यस सम्बन्धी थप विवरण बुंदा नं. ४.३४ मा प्रस्तुत गरिएको छ ।

## ३.१२ ब्याज खर्च

ग्राहकहरूको निक्षेप खाता, बैंकले जारी गरेको ऋणपत्रहरू र बैंकले प्राप्त गरेको अन्य सापटीमा पाकेको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ । यस सम्बन्धी थप जानकारी बुंदा नं ४.३० मा प्रस्तुत गरिएको छ ।

## ३.१३ कर्मचारी खर्च

कर्मचारी खर्चमा कर्मचारीले बैंकलाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरू रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि बैंकले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ ।

### क) उपदान तथा सञ्चय कोषः

विकास बैंकले सेवानिवृत लाभहरूको रूपमा कर्मचारीहरूलाई उपदान र सञ्चय कोष सुविधा प्रदान गरेको छ ।

परिभाषित योगदान योजना (Defined Contribution plan) सेवापछिको लाभ योजना हो, जस अन्तर्गत बैंकले योगदानलाई छुट्टै शिर्षकमा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरु सम्बन्धित सेवाहरु प्रदान गरिएको समयमा कर्मचारी खर्चको रुपमा पहिचान र लेखांकन गरिन्छ ।परिभाषित लाभ योजना (Defined Benefits Plan) परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो ।

बैंकले मिति २०७५/१०/०१ बाट लागु हुने गरी परिभाषित लाभ योजना (Defined Benefits Plan) लाई परिवर्तन गरी परिभाषित योगदान योजना (Defined Contribution plan) लागु गरिएको छ ।

उपदानको व्यवस्था नयाँ श्रम ऐन २०७४ अनुसार गरिएको छ । बैंकले मिति २०७५/१०/०१ बाट लागु हुने गरी देहाय बमोजिमको उपदान दिने व्यवस्था गरिएको छ ।

(क) १५ वर्ष वा सो भन्दा कम सेवागर्ने कर्मचारीलाई हरेक महिनाको तलबको ८.३३ प्रतिशतले हुन आउने रकम
(ख) १५ वर्ष भन्दा बढी २० वर्षसम्म सेवागर्ने कर्मचारीलाई हरेक महिनाको तलबको १२.५० प्रतिशते हुन आउने रकम
(ग) २० वर्ष भन्दा बढी सेवागर्ने कर्मचारीलाई हरेक महिनाको तलबको १६.६७ प्रतिशतको हुन आउने रकम

यस आर्थिक वर्षमा कुल जम्मा रू १२,५४१,४४७ को उपदानको खर्चको रहेको छ ।

बैंकका सबै कर्मचारीले कर्मचारी सञ्चय कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत हो, जसमा विकास बैंक र कर्मचारीले दुवै पूर्व निर्धारित दर अनुसार मासिक रूपमा आफ्नो तलबको १० प्रतिशत रकम योगदान गर्छन् । यस आर्थिक वर्षमा कुल जम्मा रू. १५,०२४,२३० को कर्मचारी सञ्चय कोष खर्चको रहेको छ ।

विकास बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको लागि उपदान व्यवस्था गरिएको छ ।

**ख) सञ्चित बिदा**

विकास बैंकले संचित विदा सुविधा यसको कर्मचारी सेवा विनियमावली बमोजिम प्रदान गर्ने गर्दछ । घर बिदा ९० दिनसम्म संचित गरिएको छ भने बिरामी विदा पनि ९० दिनसम्म सञ्चित गर्न सकिनेछ । यी दुबै विदा मध्ये कुनै पनि विदा नब्बे दिनभन्दा बढी सञ्चित भएमा सो बिदा बापत रकम प्रत्येक वर्षको आषाढ महिनामा नगद भुक्तानी गरिन्छ । विदा वापतको दायित्वको गणना गर्न बैंकले Actuarial Valuation गरेको छ ।

**ग) कर्मचारी बोनस**

बोनस ऐन, २०३० बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ । कर्मचारी बोनसको लागि कर अघिको खुद नाफाको १० प्रतिशत रकमको व्यवस्था गरिएको छ ।

## ३.१४ पट्टा (Lease)

बैंकले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NAS 17 – Lease को प्रावधान बमोजिम गरी वित्तीय पट्टा (Finance Lease) र सञ्चालन पट्टा (Operating Lease) अन्तर्गत देखाइन्छ । NAS 17 को Para 33 को प्रावधान बमोजिम सञ्चालन पट्टाअन्तर्गत पट्टाअवधि भरको लागि गरिने सम्पूर्ण भुक्तानीलाई सो अवधिमा समदर रूपमा खर्च लेखाङ्कन गर्नु पर्ने व्यवस्था छ ।

यस सन्दर्भमा बैंकले सञ्चालन पट्टा (Operating Lease) व्यवस्थालाई अवलम्बन गरेको छ ।

## ३.१५ विदेशी विनिमय कारोबार

विदेशी विनिमय मुद्रामा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रूपैंयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रूपैंयामा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सान नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

## ३.१६ शेयर पूँजी तथा कोषहरू

### ३.१६.१ शेयर पूँजी

बैंकका सबै साधारण शेयरहरू चुक्ता भई सकेर नेपाल स्टक एक्स्चेन्जमा कारोबार भई रहेका छन । बैंकका साधारण शेयरधनीहरूले वार्षिक साधारण सभाबाट पारित लाभांश पाउने अधिकार हुन्छ । बैंकको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर रहेको छैन ।

### ३.१६.२ जगेडा कोषहरू

कोषमा संचित मुनाफा, साधारण जगेडा कोष, चुक्ता पूंजी कोष, विनिमय समिकरण कोष, नियामक जगेडा कोष, लगानी समायोजन कोष, सामाजिक उत्तरदायित्व कोष, कर्मचारी दक्षता तथा अभिवृद्धि कोष आदि पर्दछन ।

### ३.१६.३ साधारण जगेडा कोष

बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३, को दफा ४४(१) बमोजिम खुद मुनाफाको २०% रकम साधारण जगेडा कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्था बमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ ।

### ३.१६.४ नियमनकारी कोष (Regulatory Reserve)

NFRS बमोजिमको लेखा नीति अपनाउने क्रममा नेपाल राष्ट्र बैंकको निर्देशिकामा भएको व्यवस्था बमोजिम संस्थाको मुनाफाबाट छुट्याई खडा गरेको कोष हो । यस शीर्षकमा भएका कोषको रकमबाट लाभांश वितरण गर्न पाईदैन । यस कोषमा पाकेको तर प्राप्त नभएको व्याज, नेपाल राष्ट्र बैंकको निर्देशन र NFRS मा भएको व्यवस्था बमोजिम कर्जा नोक्सानी बापत छुट्याईएको रकम बीचको अन्तर रकम, स्थगन कर बापतको रकम, अन्य व्यापक आयमा पहिचान भएको वास्तविक नोक्सान बापतको रकम, NFRS अनुसार पहिचान भएको ख्याति बापतको रकमहरू पर्दछन ।

यस आर्थिक वर्षमा निम्नानुसार नियमनकारी कोष (Regulatory Reserve) रहेको छ ।

नेपाल राष्ट्र बैंकको पत्र संख्या बै. वि.नि वि/नीति/परिपत्र/कखग/१/०७७/७८ अनुसार बैंक तथा वित्तीय संस्थाहरूले प्रोदभावी आधारमा लेखांकन गरेको र असोज मसान्त २०७७ सम्म प्राप्त भएको व्याज रकम नियमनकारी कोषमा जम्मा गर्नु नपर्ने प्रावधान रहेको छ । सोहि बमोजिम वित्तीय संस्थाले प्रोदभावी आधारमा लेखांकन गरि आषाढ मसान्त पश्चात आश्विन ३०, २०७७ सम्म भुक्तानी प्राप्त गरेको व्याज रकम रू.१०७,११७,४१८ नियमनकारी कोषमा सारेको छैन ।

| विवरण | रकम |
|---|---:|
| प्राप्त नभएको व्याज | ८२,०५१,०२२ |
| स्थगन कर सम्पत्ति | २८,४३२,७३१ |
| Fair Value कोष | ५,२७५,२७८ |
| **जम्मा** | **११५,७५९,०३१** |

### ३.१६.५ बजार मूल्य कोष **(Fair Value Reserve)**

NFRS बमोजिम Fair Value Reserve मा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भएको त्यस्तो सम्पत्ति पूनरमूल्याङ्कन हुँदा हुने सबै उतार चढाव वा नोक्सानलाई यसै कोषमा समायोजन गरिन्छ ।

### ३.१६.६ अन्य कोष

**क) कर्मचारी तालिम तथा वृत्ति विकास जगेडा कोष**

नेपाल राष्ट्र बैंकको निर्देशन नं. ६/०७७ बमोजिम खडा गरेको यो एक वैधानिक जगेडा कोष हो । सो निर्देशन बमोजिम बैंकले गत आर्थिक वर्षको कुल तलब भत्ता खर्चको न्यूनतम ३ प्रतिशत रकम हालको आर्थिक वर्षमा आफ्ना कर्मचारीको तालिम तथा वृत्ति बिकासको लागि गर्नु पर्ने हुन्छ । यसरी छुट्याईएको रकम हालको आर्थिक वर्षमा खर्च गर्न नसके खर्च हुन नसके जतिको रकम भविष्यमा खर्च गर्न सञ्चित नाफाबाट यस जगेडा कोषमा रकमान्तर गर्नु पर्ने हुन्छ । तत्पश्चात्का आर्थिक वर्षमा खर्च हुदा यसरी सञ्चित नाफाबाट रकमान्तर गरिएको रकमलाई पुनः सञ्चित नाफामा ल्याउन सकिन्छ । यस आ.व. को लागी भने नियामक निकायले यस व्यवस्थामा छुट दिएको छ र यस वर्ष कुनै रकम रकमान्तर गरिएको छैन ।

**ख) संस्थागत सामाजिक उत्तरदायित्व कोष**

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम हरेक आर्थिक वर्षको मुनाफाको कम्तिमा पनि १ प्रतिशत रकम रकमान्तर गरि संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गर्नुपर्ने व्यवस्था गरेको छ । यस कोषबाट बैंकले आगामी वर्षमा आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व पुरा गर्न सक्नेछ । आगामी वर्षहरूमा संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च हुने रकम यस कोषबाट सञ्चित नाफा/(नोक्सान) मा रकमान्तर गरिने छ ।

यस आर्थिक वर्षमा निम्नानुसार **संस्थागत सामाजिक उत्तरदायित्व कोष** रहेको छ ।

| विवरण | रकम |
|---|---|
| सुरूको मौजदात | ५,२३१,६९० |
| यस आर्थिक वर्षमा सिर्जना भएको | १,९१०,९७८ |
| यस कोषबाट उपयोग भएको | (१,४८४,२६४) |
| अन्तिम मौजदात | ५,६५८,४०४ |

## ३.१७ प्रतिशेयर आम्दानी

बैंकले NAS 33 – "Earnings Per Share"को प्रावधान बमोजिम आधारभूत प्रति शेयर आम्दानी (Earnings Per Share) को गणना गर्ने गरेको छ ।

## ३.१८ प्रस्तावित लाभांस

विकास बैंकको सञ्चालक समितिको मिति २०७७/११/१६ गते बसेको २६० औं बैठकले विकास बैंकका शेयरधनीहरूलाई कायम रहेको चुक्ता पुँजीको ५.०० प्रतिशत बोनस शेयर तथा ०.२६३२ प्रतिशत नगद लाभांस (बोनस शेयरको कर प्रयोजनको लागि) वितरण गर्ने निर्णय गरेको छ । जुन वितरणको लागि नेपाल राष्ट्र बैंकको स्वीकृति र बार्षिक साधारणसभाबाट पारित हुनु आवश्यक हुन्छ ।

### ३.१९ क्षेत्रगत रिपोर्टिङ्ग (Segment Reporting)

बैंकले NFRS 08 – "Segment Reporting"को प्रावधान बमोजिम क्षेत्रगत रिपोर्टिङ्ग को गणना गर्ने गरेको छ । सो बमोजिम विकास बैंकले व्यवस्थापन र रिपोर्टिङ्ग उद्देश्यहरूको लागि वित्तीय संस्थालाई व्यापारिक बैंकिंङ्ग, ट्रेजरी, कार्ड र रेमिट्यान्स जस्ता खण्डहरूमा व्यवस्थित गरिएको छ । परिचालनका क्षेत्रहरूको परिणाम निकाल्दा प्रत्यक्ष रूपमा त्यस क्षेत्रसँग सम्बन्ध राख्ने आम्दानी र खर्च र साथै उचित आधार मा छुट्याउन मिल्ने साझा आम्दानी र खर्चलाई गणना गरिएको छ । निर्धारण नगरिएका वस्तुहरूमा सामान्यतया साझा सम्पत्ति, प्रमुख कार्यालय खर्च, र कर सम्पत्ति र दायित्व पर्दछन् । यस सम्बन्धी थप जानकारी बुंदा नं ५.४ मा प्रस्तुत गरिएको छ ।

### ३.२० अन्तरिम वित्तीय रिपोर्टिङ्ग (Interim Financial Reporting)

वित्तीय विवरणसंग सम्बन्धित अन्तरिम रिपोर्टहरू नियामक रिपोर्टिङ आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ । ती रिपोर्टहरू राष्ट्रियस्तरको पत्रिकामा त्रैमासिक रूपमा प्रकाशित गरिएको छ । NFRS ले प्रदान गरेको छुट सुविधा उपयोग गर्दै विकास बैंकले अघिल्लो वर्षका तथ्यांकहरूलाई Reinstatement गरेको छ ।

### ३.२१ कोभिड-१९ को वित्तीय संस्थामा पारेको प्रभाव

कोभिड-१९ को महामारी चालु आर्थिक वर्षको तेस्रो त्रैमास देखि फैलिएको छ । कोभिड-१९ भाइरसले सञ्चालनमा पारेको प्रभाव तथा भाइरसलाई रोक्न सरकारद्वारा चालिएको कदमहरूले समीक्षा अवधिमा नकारात्मक असर पारेको छ।

हालसम्म कोभिड-१९ ले बैंकमा पारेका प्रभावहरू निम्नानुसार छन् :

- २०७६ चैत्र महिना भित्र कर्जाको साँवा तथा व्याज तिर्ने ग्राहकलाई चैत्र महिनाको व्याज रकममा १० प्रतिशत व्याज छुट दिन नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ५,३०९ ग्राहकलाई रू. ३,४४१,४०७ को छुट दिइएको छ ।
- नेपाल राष्ट्र बैंक अनुसार कोभिड-१९ ले प्रभाव पारेका ग्राहकहरूलाई चैत्र २०७६ मा विद्यमान रहेको व्याजदरमा २% व्याज छुट दिन नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार १४,४४६ ग्राहकलाइ रू. ८९,५९२,७७१ को छुट दिइएको छ ।
- नेपाल राष्ट्र बैंकको परिपत्र बै. वि. नि. वि/ नीति/ परिपत्र/ कखग /१/०७७/७८ अनुसार पौष मसान्त २०७६ मा असल कर्जामा वर्गिकरण भएका आषाढ मसान्तमा भाका नाघेका १,६७१ कर्जा खाताहरूलाई सूक्ष्म निगरानी कर्जाको रूपमा वर्गिकरण गरिएको छ ।
- कोभिड-१९ बाट प्रभावित उद्योग व्यवसायलाई सुचारू गर्न सहजीकरण गर्ने प्रयोजनको लागि थप चालु पुँजी कर्जा ९८ ग्राहकलाई रू १३३,४४५,५०० प्रवाह गरिएको छ ।
- नेपाल राष्ट्र बैंकको परिपत्र बै.वि.नि.वि/नीति/सुचना/१८/०७६/०७७ अनुसार वित्तीय संस्थाले कोभिड- १९ बाट प्रभावित ग्राहकहरूको व्याज तथा सावा तिर्ने भाकालाई अस्थायि रूपमा सारेको छ ।

# वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू

### ४.१ नगद तथा नगद समान

(रकम रू.मा)

| विवरण | आ.व. २०७६/७७ | आ.व. २०७५/७६ |
|---|---|---|
| नगद मौज्दात | ६६८,५५७,७७८ | ४९५,०४५,२९६ |
| बैंक तथा वित्तिय संस्थामा रहेको मौज्दात | ३,००६,४०७ | २१,२३७,७५७ |
| माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ३,१५७,०३०,९२३ | ३,३५९,८५८,३४६ |
| अन्य नगद तथा नगद समान | - | - |
| **जम्मा** | **३,८२८,५९५,१०८** | **३,८७६,१४१,३९९** |

